सवारीसाधन व्यवस्थापनका लागि अनुरोध
- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारी साधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन २९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 March 12 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९३

## मितेरीपुलबाट एसएसबीको पोस्ट हटयो

प्रस, वीरगंज, २८ फागुन/

भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले वीरगंज-रक्सौल मितेरीपुलमा केही महीना अघिदेखि राखेको पोस्ट सोमवारदेखि हटाएको छ।

भारतीय सीमा सुरक्षा बलले केही महीना अघिदेखि मितेरीपुलमा अनधिकृतरूपमा पोस्ट सञ्चालन गरेको थियो ।

एसएसबीले मितेरीपुलको दुवैतर्फ पोस्ट सञ्चालन गरेर आवतजावत गर्ने पैदलयात्रीदेखि सवारीसाधनहरूको चेकजाँच गर्दा बेलाबेलामा तनाव पनि सिर्जना हुने गरेको थियो । दुवै देशका जनताले एसएसबीको हर्कत पचाएका थिएनन् । घरायसी सामानहरू ल्याउँदा र लैजाँदा पनि एसएसबीले अवरोध गर्ने गरेको थियो । यसै क्रममा एक साता अघि मितेरीपुलमा विवाद भएको थियो र सो क्रममा एसएसबीले लाठीचार्ज गर्दा तीनजना घाइते भएका थिए ।



घाइतेमध्ये एकजनाले इनर्वा चेकपोस्टमा लिखित उजूरी गरेको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए । उनले घटनाबारेमा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको कार्यालयलाई आफूले ध्यानाकर्षण गराएको र गत शनिवार फागुन २६ गते दिल्लीबाट एसएसबीका डिआइजी सुब्रमन्यमको नेतृत्वमा कमान्डेन्ट विकास कुमार र एसएन मिश्रसहितको टोली मितेरीपुलको अवस्था अवलोकन गर्न आएका थिए ।

एसएसबीको टोलीले घाइतेसमेत स्थानीयहरूको कुरा सुनेको र नो म्यान्स ल्यान्डमा पर्ने मितेरीपुलबाट एसएसबीको पोस्ट हटाउन पहल गर्ने आश्वासन दिएर गएको खेतानले बताए ।

सोही अनुसार आज दिल्लीबाट मितेरीपुलमा रहेको एसएसबीको पोस्ट हटाउन निर्देशन आएबमोजिम पोस्ट हटेको उनले बताए । रक्सौलमा एसएसबीको पोस्ट स्टेट बैंक अफ इन्डिया कार्यालयको अगाडि मेनरोडमा थियो ।

## वीरगंज उद्योग वाणिज्य सङ्घको साधारणसभा

## निजी क्षेत्रको सुझाव सरकारले सुनेन -अध्यक्ष ढकाल

प्रस, वीरगंज, २८ फागुन/

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले दिंदै आएका आर्थिक सुधारका सुझावहरूलाई नजरअन्दाज गरिएको परिणाम अहिले देशको आर्थिक अवस्थामा समस्या आएको बताएका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घको सोमवार ४८औं साधारणसभाको उद्घाटन गर्दै अध्यक्ष ढकालले आफू निर्वाचित भएको एक वर्ष र त्यसअघिदेखि निजी क्षेत्रले दिंदै आएका सुझावहरूलाई सरकारले कार्यान्वयन नगरेको बताए । उनले निजी क्षेत्रको सुझावलाई नजरअन्दाज गरिएको परिणाम अहिले देशको राजस्व पनि प्रभावित भएको बताए ।

निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउन नहुने, आयात रोक्न नहुने, मौद्रिक नीति परिवर्तन गरिनुपर्ने, बैंकको ब्याज एक अङ्कमा झार्नुपर्ने जस्ता सुझावहरू दिएको र त्यसमा सरकारले निजी क्षेत्रको स्वार्थ देखेर कार्यान्वयन नगरेको आरोप लगाए । उनले अहिले सरकारले निजी क्षेत्रको सुझावलाई गम्भीरताका साथ लिएको र आगामी दिनमा कार्यान्वयनतर्फ अग्रसता देखाउने विश्वास व्यक्त गरे ।

उनले अहिलेको आर्थिक अवस्थामा रूस-युक्रेन युद्ध, स्थानीय नियमनकारीहरूको अनावश्यक झमेला, बैंक, सहकारी, लघुवित्तहरूको ऋण घटाउने आन्दोलनले पनि वित्तीय क्षेत्रमा तलरता आएको बताए । उनले निजी क्षेत्रको सुझाव समग्र देश विकासका लागि हो भन्ने कुरा सरकारले बुझ्नुपर्ने बताए ।

कार्यक्रमका अध्यक्ष वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले राजधानीबाहिरका उद्योग व्यवसायसँग सम्बन्धित समस्या समाधान गर्ने दिशामा केन्द्रको प्रभावकारी भूमिका रहने बताए ।

उनले समग्र अर्थव्यवस्थाको आधार स्तम्भका रूपमा रहेको उद्योग, व्यवसाय क्षेत्रको दिगो र द्रुततर आर्थिक विकास आवश्यक रहेको जिकिर गरे । उनले औद्योगिक क्षेत्रमा व्यापक विस्तार र विकासका साथै देशमा कृषिको आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरणका साथै उत्पादन, उत्पादकत्वमा सुधार, मूल्य अभिवृद्धि गर्ने उद्योगको विकास एवं विस्तार हुनु अत्यावश्यक रहेको बताए ।

उनले औद्योगिक क्षेत्रमा विद्युत् कटौती समस्याको यथावत रहेको र हालका दिनमा पूर्व-पश्चिम क्षेत्रका उद्योगहरूमा दैनिक आठदेखि १२ घण्टासम्म नेपाल विद्युत् प्राधिकरणले अघोषित लोडसेटिङ गर्दै आएको परिणाम वीरगंज-पथलैया औद्योगिक कोरिडोरका उद्योगको क्षमता २५-३० प्रतिशत मात्र रहेको बताए ।




उनले विभिन्न सरकारी निकायहरूबाट ससाना व्यावसायिक त्रुटि र गलतीमा व्यापारीहरूलाई दण्ड जरिवाना र अनेक कानूनी झमेलामा अल्झाएर निराश बनाउने कार्य भइरहेको गुनासो पोखे ।

उनले अपारदर्शी शुल्क, अनुदान र अपारदर्शी भन्सार र करका दरहरू, प्रक्रियागत प्रशासनिक जटिलता, गैरभन्सार अवरोधका बाहुल्यता, झन्झटिलो व्यापार प्रक्रिया, नियन्त्रणात्मक नीतिगत संयन्त्र, कमजोर आपूर्ति प्रणाली र पाइलापाइलामा अवरोध बनेर बसेका सरकारी निकायलगायतका समस्याहरूले यस क्षेत्रका उद्योग, व्यापार मृत अवस्थामा पुगिसकेको दुःखेसो पोखे ।

नेपाल उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य सुबोध गुप्ताले अहिले उद्योगी-व्यवसायीहरूको अवस्था ठीक नभएको र कतिपय कलकारखाना बन्द हुने अवस्थामा पुगेको बताए ।

कार्यक्रममा नेउवामहासङ्घका उपाध्यक्ष श्रीकृष्ण वैद्य, मधेस प्रदेश अध्यक्ष अशोक टेमानी, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मीणा, प्रमुख भन्सार अधिकृत डिल्लीराम पन्थी, वीमनपाका प्रमुख मातृका भट्टराई, वीउवासङ्घका महासचिव माधव राजपाल, प्रहरी उपरीक्षक कुमोद ढुङ्गेल, सप्रउ किसन कर्माचार्य, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खतिवडालगायतको सहभागिता थियो ।

## ठक्करबाट यात्री घाइते बसमा आगजनी

नितेश कर्ण, वीरगंज, २८ फागुन/

सर्लाही जिल्लाको कविलासी नगरपालिकाको सलेमपुर चोकमा सोमवार दिउँसो बसले साइकलयात्रीलाई ठक्कर दिएर घाइते गरेपछि स्थानीयले बसमा आगजनी गरेका छन् ।

मिकरानी ट्राभल्सको ग.२ख १४४० नम्बर बसले साइकलयात्री कविलासी नपा-१० निवासी सलेमपुरका जुगल महतोलाई ठक्कर दिएपछि उनी घाइते भएका थिए ।

बसको ठक्करले साइकलयात्री स्थानीय महतो घाइते भएपछि स्थानीयले बसका यात्रुहरू उतारेर बसमा आगजनी गरेको प्रहरीले जनाएको छ ।

घाइते महतोको प्रादेशिक अस्पताल मलङ्गवामा उपचार सम्भव नभएपछि उनलाई काठमाडौं रेफर गरिएको प्रहरीले जनाएको छ। आगलागीबाट बसमा ठूलो क्षति पुगेको छ ।

## चर्को ध्वनिमा मोटरसाइकल चलाउने दुईजना पक्राउ

## डिजे साउन्डसहित तीनजना पक्राउ

प्रस, वीरगंज, २८ फागुन/

वडा प्रहरी कार्यालय, बिर्ताले



सोमवार मोटरसाइकलको साइलेन्सर परिवर्तन गरी ठूलो आवाज बनाएको कसूरमा दुईवटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

मोटरसाइकल कम्पनीले बनाएको साइलेन्सर यातायात कार्यालयको स्वीकृति बेगर परिवर्तन गरेर चर्को ध्वनि हुनेगरी सवारी सञ्चालन गरेको पाइएकाले दुईजनालाई मोटरसाइकलसहित पक्राउ गरिएको वप्रका, बिर्ताका प्रहरी निरीक्षक पुष्कर खतिवडाले बताए ।

उनले आज वीरगंज महानगर-२ छपकैया इदगाहचोकबाट जीतपुरसिमरा उपमहानगर-७ बस्ने २१ वर्षीय आशिष सोनी र कलैया उपमहानगरपालिका-२३ बस्ने २४ वर्षीय अफरोज आलमलाई मोटरसाइकलसहित नियन्त्रणमा लिएको बताए ।

उनीहरूले चलाएको चर्को ध्वनिको मोटरसाइकलले सर्वसाधारणलाई समस्या परेको उजूरीका आधारमा नियन्त्रणमा लिएको र आवश्यक कारबाईका लागि यातायात व्यवस्था कार्यालय चलान गरिएको बताए ।

यसैबीच, जिल्ला प्रहरी कार्यालय, बाराले सोमवार चर्को ध्वनिमा डिजे बजाउने तीनजनालाई पक्राउ गरेको छ।

नेपाल सुनील ब्यान्ड कलैयाका सञ्चालक जीतपुरसिमरा उपमहानगरपालिका-१२ बस्ने मोहित चौधरी, वडा नं २० बस्ने चालक मुन्ना साह र कलैया उपमहानगर-९ रामपुर बस्ने मनवर मियाँलाई चर्को स्वरमा डिजे बजाएको कसूरमा साउन्ड सिस्टम र सवारीसाधनसहित पक्राउ गरिएको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए ।

## राउन्ड टेबलद्वारा रक्तदान, फ्रिज हस्तान्तरण




प्रस, वीरगंज, २८ फागुन/

राउन्ड टेबुल नेपाल पर्साको आयोजनामा सोमवार बाराको कलैया उपमहानगरपालिकाको भरतचोकमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

१० दिने रक्तदान कार्यक्रम अन्तर्गत सोमवार भरतचोकमा रक्तदान आयोजना गरिएको राउन्ड टेबलका अध्यक्ष आकाश सर्राफले बताए ।

कार्यक्रममा सपना कुमारी, हरेन्द्र महतो, साहिल सर्राफ, सुवास जयसवाल, आफताब आलम, आरजु अधिकारी, शीतल केशरी, नीरज पटेल, पप्पु अन्सारी, अमित पाण्डे, सुरेन्द्र मण्डल, सुमित कुशवाहालगायत तीनजना महिलासहित ५७ जना पुरुष गरी ६० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

यसैबीच, राउन्ड टेबुल नेपाल, पर्साले आज रक्तसञ्चार केन्द्र, वीरगंजलाई एक थान फ्रिज सहयोग गरेको छ । नेरेसो, पर्साका कोषाध्यक्ष महन्त यादवलाई राउन्ड टेबुलका अध्यक्ष सर्राफले फ्रिज हस्तान्तरण गरेका थिए।

## युवतीद्वारा आत्महत्या

प्रस, पर्सागढी, २८ फागुन/

पर्सागढी नगरपालिका-४ धानुकटोल निवासी एकजना युवतीले पासो लगाएर आत्महत्या गरेकी छन् ।

हिजो राति खाना खाएर सुतेकी १८ वर्षीया सुनीता कुमारी बिहान कोठामा फासो लगाएर मरेको अवस्थामा फेला परेकी थिइन् । प्रहरीले उनको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंज पठाएको थियो ।

युवतीले प्रेमप्रसङ्गमा आत्महत्या गरेको हुन सक्ने स्थानीयको बुझाइ छ। प्रहरीले घटनाबारेमा अनुसन्धान भइरहेको बताएको छ ।

**विचारसार र सुक्तिहरू**

**दु:ख कति भाग्यशाली छ, जसलाई पाएर मानिस आफन्तको सम्झना गर्छ र सुख कति दुर्भाग्यशाली, जसलाई पाएर आफन्तलाई बिर्सन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


## जागरूकता भएन

**पर्सा, बारा र रौतहट जिल्लामा डिजेमाथि अङ्कुश लगाउन थालिएको छ। विगत एक दशक बढी समयदेखि यस क्षेत्रमा डिजेको प्रभाव बढ्दै गएको छ। चर्को ध्वनिमा डिजे साउन्ड बजाएर वैवाहिकलगायतका कार्यक्रमहरू गर्ने अहिले फैशन भएपछि यसबाट आममानिसहरू प्रभावित भएको भन्दै तीन जिल्लामा यसविरुद्धको अभियान सञ्चालन गरिएको हो। भर्खरै यही महीनाको सुरुआतमा सरस्वती पूजाको मूर्ति सेलाउने बखत रौतहटको घिउरामा डिजेको विषयमा विवाद बढेर दुई समुदायबीच भिडन्त भएको थियो। सो विवादले महोत्तरी र पर्सामा झनै उग्ररूप धारण गऱ्यो र कर्फ्यूसम्म लगाउनुपऱ्यो। सोही बखत जिल्ला प्रशासन कार्यालय, पर्साले चर्को स्वरमा डिजे बजाउन, अश्लीलता प्रयोग हुनेगरी नृत्य र गीतमा रोक लगाएको थियो। त्यसपछि पर्साको अनुसरण गर्दै रौतहट र बाराका प्रहरी प्रशासनले पनि चर्को ध्वनिमा डिजे बजाउन रोक लगायो। फागुन महीनाको अन्त्य चलिरहेको छ। आजदेखि मुस्लिम समुदायको रमजान पनि शुरू भएको छ भने हिन्दूहरूको वैवाहिक लगन आजैबाट सकिँदै छ। अब चैत महीनामा हिन्दूहरूको वैवाहिक कार्यक्रम हुँदैनन् भने मुस्लिम समुदायमा पनि रमजान अवधिभर वैवाहिक कार्यक्रम गरिन्न। दुवै समुदायका वैवाहिक कार्यक्रम सकिने बेलामा तीनै जिल्लाका प्रहरी प्रशासन डिजेविरुद्धको अभियानमा सक्रिय भएका छन्। यो सक्रियताले निरन्तरता पाओस् ।**

**तराईका जिल्लामा डिजे अहिले सामान्य भएको छ । वैवाहिक कार्यक्रम, उत्सवहरूमा चर्को ध्वनिमा डिजे बजाएर नाचगान गर्ने कार्यलाई रोक्नै सकिएको छैन । सरकारले वातावरण संरक्षण नियमावली २०५४ को नियम १५ र ध्वनि मापदण्ड २०६९ मा ध्वनिको मापदण्ड तोकेको छ। यससम्बन्धी नियम कानून बनेको साढे दुई दशक बितिसक्दा पनि लागू हुन सकेको छैन । नियम लागू हुन नसक्नुमा स्थानीय प्रशासन बढी दोषी छ। किनभने अहिलेसम्म ध्वनि मापन यन्त्रको जुगाड भएको छैन र यसविपरीत कार्य रोक्न सकेका छैनन्। स्थानीय तह गठन भएको पनि छ वर्ष बढी हुन लाग्यो तर पालिकाहरूले पनि डिजे रोक्ने, प्रतिबन्ध लगाउने निर्णयबाहेक यसको उचित प्रबन्ध, व्यवस्था भने गरिसकेका छैनन्। वातावरणीय संरक्षण नियमावलीले ध्वनि मापनको व्यवस्था गरेको छ। दिवा र रात्रिमा कतिसम्मको मापनमा कहाँ–कहाँ कति ध्वनि उत्पन्न हुनेगरी काम गर्न सकिन्छ। उद्योग, व्यापार, गाउँ, शहरका साथै पानी तान्ने पम्प, डिजेल जेनरेटर र मनोरञ्जनका साधनहरूले कतिसम्मको अधिकतम ध्वनि उत्पन्न गर्न सक्छन् भन्ने मापदण्ड तोकेको छ। तर यो मापन गर्ने अहिलेसम्म पर्सा, बारा र रौतहटमा मेशीन छैन ।**

**कसले कति चर्को ध्वनिमा काम गरेको छ भन्ने कुराको मापन गर्न यन्त्र आवश्यक हुन्छ। कानूनीरूपमा कारबाईको दायरामा ल्याउनका लागि पनि मेशीन आवश्यक हुन्छ । यसको व्यवस्था नहुन्जेलसम्मका लागि चर्को स्वर, अश्लीलता प्रदर्शन हुने गतिविधिमा नियन्त्रण गर्दा उचित हुन्छ। वीरगंज महानगरमा स्थानीय प्रशासनले केही महीना अघि समयसीमा तोकेर डिजे सञ्चालन गर्ने नियम बनाएको थियो । तर त्यसको इमानदारीपूर्वक अनुगमन भने भएन । अहिले पनि यसविरुद्धको अभियान सञ्चालन गरिएको छ तर यसले कतिन्जेलसम्म गतिशीलता पाउने हो भन्ने विषयमा भने आशङ्का छ। यस कारण निर्णय गर्ने, केही दिनका लागि काम गर्ने र त्यसपछि शिथिल हुने काम आगामी दिनमा हुनुभएन ।**

# अन्तर्राष्ट्रिय नारी दिवस के, किन, कहिले र कसरी ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
Phd
rajendrakoirala20@gmail.com

**महिलामा पुरुषको जस्तो मानसिक क्षमता, सामाजिक सहभागिता र सृजनशीलता अब्बल नै हुने गर्दछ। शारीरिक संरचनागत समस्याको फाइदा उठाई भेदभाव गर्नु र समान सहभागिता गराउन नाइँनास्ती गर्नु पुरुषको स्वार्थ र पितृसत्तात्मक सोचको उपज हो।**

अन्तर्राष्ट्रिय महिला दिवस वा नारी दिवस मार्च ८ तारिख तदनुरूप यस वर्षको फागुन २५ गते संसारभर मनाइयो । सदाझैं यसपटक 'समावेश गर्न प्रेरित गरौं' भन्ने मूल विषयलाई केन्द्र बनाई विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ ।

यस दिवसको अवसर पारेर महिलाको आर्थिक र सामाजिक सशक्तीकरणका लागि विभिन्न अभियान सञ्चालन गरिन्छ। लैङ्गिक समानतासहितको महिला सशक्तीकरणका लागि यस्ता अभियान सञ्चालन हुँदै आएका छन्। विश्व महिला आन्दोलनकी नेतृमध्ये क्लारा जेटकिन पनि एक हुन्। उनले नै यो आन्दोलनलाई अगाडि बढाएकी थिइन् । क्लाराले नै महिलाको समान अधिकारको माग गरेकी थिइन् ।

यस वर्षको नाराको अर्थ जब हामी अरूलाई महिला समावेशीकरणको मर्म बुझ्न र भइरहेको अवस्थाको मूल्याङ्कन गर्न प्रेरित गर्छौं तब मात्र हामी राम्रो संसार निर्माण गर्न सक्छौं। त्यस्तै, जब महिलाहरू आफैं समावेश हुन प्रेरित हुन्छन् त्यहाँ सान्दर्भिकता र सशक्तीकरणको भावनासमेत उत्पन्न हुन्छ भन्ने रहेको छ। यस दिवसले सामूहिकरूपमा महिलाहरूलाई समावेशी बनाउन सबैले सबैलाई प्रेरित गरौं र महिलालाई पनि पुरुषसरह स्थानमा राखौं भन्ने उद्देश्य राखेको छ । महिला सशक्तीकरण अभियानका लागि महिलालाई समान अवसर मात्र होइन, हरेक क्षेत्रमा समावेशी बनाउनुपर्छ र संसारभर यो मान्यतालाई सबैले अँगाल्नुपर्छ भन्ने यस वर्षको महिला दिवसको नाराको अर्थ हो।

आधा आकाश ढाक्ने महिला र महिलाका उपलब्धिहरूलाई कम आकलन गर्न नहुने र समानताका साथ बाँच्न संसारभरका महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिकजस्ता पक्षमा समावेश गराउन आवश्यक छ ।

अठारौं र उन्नाइसौं शताब्दीतिर केही सचेत र बौद्धिक महिला वर्गीय र लिङ्गीय दुवै रूपबाट शोषित भएको निष्कर्ष निकाल्दै महिलाहरू सङ्घर्षको मैदानमा ओर्लिएका थिए । वास्तवमा तत्कालीन समयमा उनीहरूमाथि आर्थिक तथा सामाजिक दुवै किसिमले शोषण हुने गर्दथ्यो । विशेषगरी अठारौं शताब्दीमा औद्योगिक क्रान्ति भएपछि कलकारखाना स्थापना भए। श्रमिकको आवश्यकता भएपछि महिलाले पनि घरको चौघेराबाट उम्कने अवसर पाए तर त्यहाँ पनि महिलाको आशामा तुषारापात भयो। समान कामका लागि उनीहरूलाई न्यून ज्याला पाउन थालेपछि उनीहरू झस्किए। यद्यपि तुलनात्मकरूपमा उनीहरू पुरुषभन्दा बढी श्रम गर्दथे। यसले उनीहरूको आर्थिक तथा सामाजिक स्तरमा खासै फरक परेन। त्यही कुराले रन्थनिएर 'समान काममा समान ज्याला' जस्ता नारा लगाउँदै महिलाहरू सडकमा ओर्लेका थिए। यसलाई नारीवादी आन्दोलनको पहिलो चरणका रूपमा लिइन्छ।

महिला आन्दोलनको दोस्रो चरण सन् १९६० देखि शुरू भयो, जसले महिला समानताका साथै महिला स्वायत्ततामा जोड दियो। यसको मर्म थियो– त्यस्तो वातावरण होस्, जहाँ महिलाले महिलाका रूपमा लेख्न, पढ्न र सोच्न पाऊन् । उनीहरूको स्वायत्तताको मागले शरीर र राजनीतिसँग पनि सम्बन्ध राख्दछ । परापूर्वकालदेखि महिलाका शरीर र जीवनमाथि पुरुषले गर्दै आएको नियन्त्रण (प्रयोग, उपयोग, दुरुपयोग र शोषण) अब बन्द गर्नुपर्छ । त्यस्तै महिला आन्दोलनको तेस्रो धार सन् १९८० देखि शुरू भएको मानिन्छ । यसले लैङ्गिक दर्शनका साथसाथै महिला–महिलाबीचको विविधता र यसैका आधारमा हुने दमन र शोषणको व्याख्या गऱ्यो । अहिलेसम्म महिला आन्दोलनका अन्तर्वस्तु इतिहासका यिनै सन्दर्भ र इतिहासमा आधारित छ।

राणाकालमा भएका महिलाका सङ्घर्षले सती प्रथा, बालविवाह, दास प्रथाजस्ता कुरीतिमा निषेध कानून बनाउने पृष्ठभूमि तयार पारेको थियो। यो ठूलो उपलब्धि थियो। त्यस्तै पञ्चायतकालमा विभिन्न विश्व महिला सम्मेलनमा नेपाली महिलाको सहभागिता हुनु, छैटौं पञ्चवर्षीय योजनाबाट विकासमा महिलाको अवधारणा भित्रिनु महत्त्वपूर्ण काम थियो । बहुदलीय व्यवस्था पुनर्बहालीपछि महिलामाथि हुने सबै प्रकारका हिंसा तथा भेदभावविरुद्ध महासन्धिमा नेपालले पनि हस्ताक्षर गर्नु अर्को महत्त्वपूर्ण पक्ष हो। पहिलेका केही कानून संशोधन गर्दै महिलालाई सम्पत्तिमा समान अधिकार, प्रजनन अधिकार, गर्भपतन आदिका अधिकार व्यवस्था गर्नुले महिलाको आर्थिक तथा शारीरिक संरक्षण हुन थाल्यो।

नेपालको संविधानले राज्यका हरेक तहमा लैङ्गिक समानतासहितको समावेशी सहभागिताको ग्यारेन्टी गर्ने स्पष्ट व्यवस्था गरेको छ । ऐन कानूनमा महिला अधिकारलाई उचित स्थान दिइएको छ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक सुनिश्चित गरिएको छ । नेपालको संविधानले समानताको अधिकारलाई मौलिक अधिकारको हकमा राखेर सबै नागरिकलाई कानूनको समान प्रयोगको प्रत्याभूति गरेको छ। नेपालको संविधानको धारा ३८ ले महिलाको हकलाई मौलिक हकका रूपमा उल्लेख गरेको छ। राज्यले कानून बनाई उनीहरूको विशेष संरक्षण गर्न सक्ने बाटो खोलिदिएको छ।

तार वाग्ले आफ्नो आलेखमा लेख्छन्–" संविधानमा नै महिलाको ३३ प्रतिशत सहभागिता हुनुपर्ने बाध्यकारी व्यवस्था भएका कारण संसद्मा प्रतिनिधित्व सुरक्षित गरी एशियामैं राजनीतिमा महिलाको उच्च सहभागिता हुने मुलुकमा नेपाल पर्न सफल भएको छ। तर राज्यका विभिन्न क्षेत्रसँग सम्बन्धित कानूनमा भएका व्यवस्थालाई महिलाको दृष्टिबाट विश्लेषण गर्दा केही असमानता पनि भेटिन्छ । कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्दा र महिलाको चौतर्फी विकासमा लगानी बढाउन नसक्दा अझै पनि राज्यको हरेक क्षेत्रमा महिलाको उल्लेखनीय सहभागिता हुन सकेको छैन, जसका कारण महिला आर्थिकरूपमा सक्षम हुन सकेका छैनन् । २०७८ को जनगणनाले महिलाको आर्थिक अवस्था कमजोर देखाएको छ, जस अनुसार देशका ४२.९ प्रतिशत महिला कुनै पनि आर्थिक काममा संलग्न छैनन्। यसको मुख्य कारक हाम्रै सामाजिक संरचना तथा अतिरिक्त घरायसी दायित्व हो । ३२.४ प्रतिशतले घरधन्दा र ९.८ प्रतिशत पारिवारिक हेरचाहका कारणले निष्क्रिय बस्न बाध्य भई आर्थिक काममा संलग्न हुन नपाएको जनगणनाको तथ्याङ्कले देखाउाछ।"

हाम्रो देशको कुरा गर्दा–जबसम्म महिला आर्थिकरूपले स्वतन्त्र र् स्वायत्त हुँदैनन, उनीहरू उत्पीडन र शोषणको शिकार भइरहने छन्।

महिलाहरूको आर्थिक स्वतन्त्रता समाजमा महत्त्वपूर्ण हुन्छ । यसले महिलाहरूलाई समृद्धि, स्वावलम्बन, र समाजको उन्नति र उन्नयनमा ठूलो मदत प्रदान गर्छ । आर्थिक स्वतन्त्रताको अभावले महिलाहरूलाई नियन्त्रणरहित अवस्थामा राख्छ र उनीहरूको समृद्धि र अधिकारमा बाधा पार्छ । आर्थिक स्वतन्त्रताको अभावमा उनीहरूको मनोबल सधैं गिरेको हुन्छ । आफ्नो भावना, इच्छा र अभिलाषालाई सधैं दमन गरेर राख्नुपर्ने बाध्यता हुन्छ। हाम्रो देशको कुरा गर्दा अझै पनि अधिकांश महिला आर्थिक स्वतन्त्रताबाट वञ्चित रहेको अवस्था छ। महिलाहरूले आर्थिक स्वतन्त्रता परिवारको स्वास्थ्य, शिक्षा र घरेलु योजनाका लागि महत्त्वपूर्ण हुन्छ। स्वतन्त्र आर्थिक हैसियतले महिलाहरूलाई स्वतन्त्रता र आत्मविश्वास प्रदान गर्छ र आफूविरुद्ध हुने अन्याय, अत्याचार र शोषणविरुद्ध आवाज उठाउन टेवा दिन्छ। महिलाले आफ्नो आवाज दमित पार्नुपर्ने एउटै कारण वित्तीय कमजोरी हो । आर्थिक स्वतन्त्रताले उच्च मनोबलको विकास गर्दछ जसले एउटा पूरा परिवारको आर्थिक– सामाजिक पाटोलाई प्रोत्साहन दिन मदत गर्दछ । साथै, महिलाहरूको आर्थिक स्वतन्त्रताले पारिवारिक, राजनीतिक तथा सामाजिक भूमिकामा पनि सकारात्मक परिणाम प्रदान गर्दछ । यसले समाजलाई आधिकारिक र समान बनाउँछ र नेपाली समाजमा महिलाहरूको योगदानलाई महत्त्वपूर्ण बनाउँछ।

महिलाहरूलाई समावेशी बनाउन :

- महिलालाई आर्थिक जिम्मेवारी दिई सशक्त बन्ने मौका दिने।
- महिलाको क्षमता अनुसार नोकरी तथा अन्य व्यक्तित्व विकासमा सहभागी गराउने।
- नेतृत्व, निर्णयकर्ता र व्यवसायमा समावेश गराउने।
- सम्पत्ति तथा भौतिक निर्माणमा पनि सहभागी गराउने।
- आफ्नो स्वास्थ्यबारे आफैं निर्णय गर्न सक्ने अवस्था सृजना गर्ने।
- खाद्य सुरक्षा तथा कृषि उपजमा निर्णय गर्ने अवसर दिने।
- गुणस्तरीय शिक्षा तथा तालीममा पहुँच पुऱ्याउने।
- खेलकूदको क्षेत्रमा उच्च सहभागिताका लागि हौसला र प्रेरणा दिने।
- रचनात्मक, कलात्मक र सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने र
- अन्य कुनै पनि क्षेत्रमा महिला सहभागिताका लागि सम्बोधन गर्ने।

यसरी प्रत्येक वर्ष अन्तर्राष्ट्रिय महिला दिवस मनाउनुको अर्थ महिलालाई सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक र लैङ्गिक समानता प्राप्त गर्न सफल बनाउनु हो वा त्यस्तो अवस्था कायम गराउनु हो। तर, पितृसत्तात्मक सोचका कारण नेपालमा मात्र नभई संसारका धेरै देशमा महिलालाई दोस्रो दर्जाको नागरिक मानिन्छ र महिला अधिकारलाई पछाडि पारिन्छ । त्यसकारण संसारमा नारीवादी आन्दोलन शुरू भएको हो । यसरी नारीवादी आन्दोलनको शुरूआत भएको दिनलाई अर्थात् मार्च ८ तारिखलाई अन्तर्राष्ट्रिय नारी दिवस घोषणा गरेर मनाउने चलन बस्यो।

अन्तमा, प्रकृतिले महिलालाई पुरुषको दाँजोमा शारीरिकरूपमा केही कमजोर अवश्य बनाएको छ र महीनैपिच्छे हुने शारीरिक समस्या, प्रजननको जिम्मा, स्तनपान गराउनुपर्ने बाध्यताजस्ता कारणले महिलालाई केही पछि पारेको छ । अन्यथा महिलामा पुरुषको जस्तो मानसिक क्षमता, सामाजिक सहभागिता र सृजनशीलता अब्बल नै हुने गर्दछ । शारीरिक संरचनागत समस्याको फाइदा उठाई भेदभाव गर्नु र समान सहभागिता गराउन नाइँनास्ती गर्नु पुरुषको स्वार्थ र पितृसत्तात्मक सोचको उपज हो। महिला–पुरुष दुवै बराबर हुन्, लिङ्गकै आधारमा कोही ठूलो र सानो हुने होइन, समताका आधारमा दुवैले समान हक र अधिकार पाउनुपर्छ भन्ने कुरामा सबैले हेक्का राख्नु आवश्यक छ। यस्तो सोचको विकासका लागिसमेत नारी दिवस मनाउनु सान्दर्भिक छ । यसरी मार्च ८ तारिख भनेको विश्वभरका महिलाहरूका लागि विशेष दिन हो । यस दिनमा महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक उपलब्धिहरूको विश्लेषण गरी विश्वव्यापीरूपमा मनाउने गरिन्छ। यो दिन महिला दिवसको रूपमा मात्र सीमित नरहोस् । यसले महिला समानता वा समावेशिताका लागि गति अघि बढाउने उत्सव ल्याउन आह्वान गरोस् । नारी दिवसको अवसरमा विश्वभरका सबै नारीलाई धेरै शुभकामना !

# सरकार र मिटरब्याजीपीडितबीच चार बुँदे सहमति

काठमाडौं, २८ फागुन/रासस

सरकार र मिटरब्याज तथा ठगीविरुद्ध किसान–मजदूर सङ्घर्ष समितिबीच सोमवार चार बुँदे सहमति भएको छ। उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको पहलमा गृह मन्त्रालयमा आज भएको वार्ता सहमतिमा टुङ्गिएको छ भने सहमतिसँगै पीडितले आन्दोलन फिर्ता लिएका छन्।

गृह मन्त्रालयमा हिजो र आज भएको वार्ता सहमतिमा टुङ्गिएसँगै समितिले आह्वान गरेको आन्दोलन पनि स्थगित गर्ने सहमति भएको गृहमन्त्री लामिछानेको सचिवालयले जानकारी दिएको छ । पीडितको समस्या दीर्घकालीनरूपमा समाधान गर्नुपर्ने भएकाले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम तीन महीनाभित्र प्रतिवेदन पेश गर्नेगरी अनुचित लेनदेन (मिटरब्याज)विरुद्ध जाँचबुझ आयोग गठन गर्ने गरी सहमति भएको छ।

सहमतिपत्रमा आयोगको कार्यादेश अनुसार जाँचबुझ गरी सरकारसमक्ष प्रस्ताव पेश गर्ने, आर्थिक समस्याका कारण मिटरब्याजी साहु, महाजनका चङ्गुलमा पर्न नदिन शोषित उत्पीडित वर्गलाई आर्थिक सहायता, राहत र क्षतिपूर्तिका लागि आगामी बजेटमा आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई अनुरोध गर्ने र मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समितिका तर्फबाट हाल चलिरहेको आन्दोलनका कार्यक्रम स्थगित गर्ने उल्लेख छ।

झापाको काँकडभिट्टा र कञ्चनपुरको महेन्द्रनगरबाट २३ दिन हिंडेर यही फागुन ९ गते काठमाडौं आइपुगेका मिटरब्याजपीडितले आन्दोलन र वार्ता सँगसँगै अघि बढाइरहेका थिए। आन्दोलन स्थगितसहितको सहमति गरेर अहिले आन्दोलनमा रहेकाहरूलाई सहमतिबारे जानकारी गराउने काम भइरहेको सङ्घर्ष समितिका प्रवक्ता निर्ग नवीनले जानकारी दिए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# ४१३ स्थानीय तहमा दादुरा–रूबेलाविरुद्धको खोप अभियान सम्पन्न

काठमाडौं, २८ फागुन/रासस

सरकारले सञ्चालन गरेको दादुरा–रुबेलाविरुद्धको खोप अभियान अन्तर्गत मुलुकका ४१३ स्थानीय तहका सबै बालबालिकाले खोप लगाएका छन् । देशका २४ जिल्लाका ती स्थानीय तहमा सबै बालबालिकालाई खोप लगाइएको छ ।

बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार ४३ जिल्लाका १८० स्थानीय तहमा खोप अभियान जारी छ । हालसम्म करीब ६६ प्रतिशत अर्थात् ३७ लाख ९२ हजार ४६८ बालबालिकाले खोप लगाइसकेका छन् ।

शाखा प्रमुख डा गौतमले हिमाली भेगका आठ जिल्लाका १२२ स्थानीय तहमा हिमपातका कारण खोप अभियान सञ्चालन हुन नसकेको बताए ।

यही फागुन १३ गतेदेखि दादुरा–रुबेलाको सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी सरकारले पश्चिम रूकुम र जाजरकोट जिल्लाबाहेक ७५ जिल्लामा खोप अभियान सञ्चालन गरेको हो । ती जिल्लाका कुल ५७ लाख ४२ हजार ९९३ बालबालिकालाई खोप लगाउने लक्ष्य छ ।

भारतसँग सीमा जोडिएका दादुरा–रुबेलाबाट अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकामा नौ महीनादेखि १५ वर्षमुनिका तथा ५१ जिल्लाका नौ महीनादेखि पाँच वर्षसम्मका बालबालिकालाई खोप लगाइँदै छ ।

खोप अभियानका लागि देशभरि ४८ हजार ७९८ खोप केन्द्रको व्यवस्था गरिएको शाखा प्रमुख डा गौतमले जानकारी दिए ।

खोप अभियानका लागि ४९ हजार ९३७ स्वास्थ्यकर्मी र ५९ हजार ९०६ स्वयंसेवक परिचालन गरिएका छन् ।

# एक वर्षअघि र अहिलेको अर्थतन्त्र
# बाह्य क्षेत्र सुध्रियो, आन्तरिक शिथिलता कायमै

काठमाडौं, २८ फागुन/रासस

कोभिड–१९ महामारी, रूस–युक्रेन तनाव, अस्थिर राजनीतिलगायत कारणले शिथिल बन्दै गएको मुलुकको अर्थतन्त्र बिस्तारै तङ्ग्रिने क्रममा छ। दुई वर्षअघि करीब धराशयीकै अवस्थामा पुगेको अर्थतन्त्रको बाह्य क्षेत्र अहिले सम्हालिएर सहज लयमा छ। तर सार्वजनिक वित्तका सूचकहरू अहिले पनि सकारात्मक छैनन् । न्यून राजस्व असुली, कमजोर पूँजीगत खर्च, बढ्दो चालू खर्च, बर्सेनि बढिरहेको सार्वजनिक ऋण र त्यसको साँवा र ब्याजको दायित्व लगायतका समस्या ज्यूँका त्यूँ छन् ।

पूँजी निर्माण र आन्तरिक उत्पादनका क्षेत्रमा लगानी हुन नसक्दा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर लक्षित अङ्कभन्दा निकै तल छ । बेरोजगारी र युवा पलायनको समस्या हल हुन सकेको छैन। बैंक–वित्तीय संस्थामा तरलता सहज भएका ब्याजदर घट्दो क्रममा रहे पनि कर्जाको माग बढ्न सकेको छैन । बढ्दो मुद्रास्फीति र घट्दो बजार मागले उपभोक्ता बजार चलायमान बन्न सकेको छैन । ठूलो लगानी रहेका घरजग्गा र पूँजीबजार क्षेत्रमा पनि उल्लेख्य चमक छैन । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वित्तीय विवरणका आधारमा पछिल्लो एक वर्षमा मुलुकको आर्थिक तथा वित्तीय सूचकमा देखिएका परिवर्तनलाई तुलनात्मक समीक्षा गरिएको छ ।

**बाह्य क्षेत्र**

गत असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १९ दशमलव नौ प्रतिशतले वृद्धि भई माघ मसान्तमा रु १८ खर्ब ४४ अर्ब ९४ करोड पुगेको छ। गत वर्षको यही अवधि अर्थात् २०७९ माघ मसान्तमा विदेशी विनिमय सञ्चिति रु १३ खर्ब ८३ अर्ब ३३ करोड पुगेको थियो।

चालू आर्थिक वर्षको सात महीनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव सात महीनाको वस्तु आयात र १२ दशमलव तीन महीनाको वस्तु तथा सेवा आयात धान्न सक्छ । जबकि गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा १० दशमलव आठ महीनाको वस्तु आयात र नौ दशमलव चार महीनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी मुद्रा सञ्चिति थियो। अहिले विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३४ दशमलव तीन प्रतिशत छ । गत वर्ष माघ मसान्तसम्ममा यस्तो अनुपात २५ दशमलव एक प्रतिशत थियो ।

**चालू खाता एवं शोधनान्तर स्थिति**

गत आर्थिक वर्ष २०७९/८० को माघ मसान्तसम्ममा रु २९ अर्ब ६४ करोडले घाटामा रहेको चालू खाता अहिले रु एक खर्ब ६१ अर्ब ६९ करोडले बचतमा छ । गत वर्षको माघ मसान्तसम्ममा रु एक अर्ब चार करोड खुद प्रत्यक्ष वैदेशिक लगानी मुलुकले भित्र्याएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा रु पाँच अर्ब १८ करोड छ। त्यसैगरी, विसं २०७९ माघ मसान्तमा शोधनान्तर स्थिति रु एक खर्ब ३३ अर्ब २१ करोडले बचतमा रहेकोमा २०८० माघ मसान्तमा शोधनान्तर स्थिति रु दुई खर्ब ९७ अर्ब ७२ करोडले बचतमा छ ।

**विप्रेषण आप्रवाह**

गत आर्थिक वर्ष २०७९/८० को सुरुआती सात महीना अर्थात् माघ मसान्तसम्ममा मुलुकले रु छ खर्ब ८९ अर्ब ८८ करोड विप्रेषण भित्र्याएको थियो। चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा विप्रेषण आप्रवाह रु आठ खर्ब ३९ अर्ब पुगेको छ । अघिल्लो आवको सुरुआती सात महीनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा भित्रिएको विप्रेषण २१ दशमलव छ प्रतिशतले वृद्धि हो ।

**वैदेशिक ब्यापार**

चालू आर्थिक वर्षको सुरुआती सात महीनामा कुल वस्तु निर्यात सात दशमलव एक प्रतिशतले कमी आई रु ८६ अर्ब ८३ करोड कायम भएको छ। गत आर्थिक वर्षको माघ मसान्तसम्ममा नेपालले कुल रु ९३ अर्ब ४३ करोड बराबरको वस्तु निर्यात गरेको थियो। गत वर्षको तुलनामा निर्यात मात्र नभई आयात पनि घटेको छ । गत आर्थिक वर्ष २०७९/८० को सात महीनामा कुल रु नौ खर्ब १९ अर्ब १७ करोड बराबर रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा रु आठ खर्ब ९७ अर्ब ९४ करोड कायम भएको छ ।

**सरकारी वित्त**

गत आर्थिक वर्ष २०७९/८० को सात महीनामा सङ्घीय सरकारको कुल खर्च रु छ खर्ब ६७ अर्ब ६६ करोड थियो । जसमध्ये चालू खर्च रु पाँच खर्ब ३१ अर्ब ५० करोड, पूँजीगत खर्च रु ६६ अर्ब ३० करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु ६९ अर्ब ८६ करोड थियो। चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा सरकारको कुल खर्च रु खर्ब ८६ अर्ब ७५ करोड पुगेको छ। यो अवधिसम्मको चालू खर्च रु पाँच खर्ब नौ अर्ब चार करोड, पूँजीगत खर्च रु ६३ अर्ब ५८ करोड र वित्तीय व्यवस्थातर्फको खर्च रु एक खर्ब १४ अर्ब १३ करोड रहेको छ। अर्थात् गत वर्षको तुलनामा यस वर्ष चालू र पूँजीगत शीर्षकको खर्च घटेको छ भने वित्तीय व्यवस्था शीर्षकको खर्च बढेको छ। वित्तीय व्यवस्था शीर्षकमा छुट्याइएको बजेट सार्वजनिक ऋणको साँवा र ब्याज तिर्न खर्च हुने गरेको छ ।

गत वर्षको तुलनामा यस वर्ष राजस्व सङ्कलनमा पनि उल्लेख प्रगति देखिंदैन । गत आर्थिक वर्षको सात महीनामा सरकारले कर राजस्वतर्फ रु चार खर्ब ६४ अर्ब १९ करोड र गैरकर राजस्वतर्फ रु ५० अर्ब ५० करोड गरी कुल रु पाँच खर्ब १४ अर्ब ६९ करोड राजस्व परिचालन भएको देखिन्छ। चालू आर्थिक वर्षको सोही अवधिमा समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन प्रदेश तथा स्थानीय सरकारमा बाँडफाँट हुने कर राजस्व रु पाँच खर्ब १० अर्ब ५० करोड र गैरकर रु ५६ अर्ब ९१ करोड गरी कुल रु पाँच खर्ब ६७ अर्ब ४० करोड राजस्व परिचालन भएको छ ।

विसं २०७९ माघ मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेका सरकारका विभिन्न खातामा रु दुई खर्ब चार अर्ब ९२ करोड नगद रहेकोमा गत माघ मसान्तसम्ममा रु दुई खर्ब १५ अर्ब २६ करोड नगद मौज्दात छ ।

**मुद्रास्फीति**

मुद्रास्फीति वृद्धिदर गत वर्षको तुलनामा केही घटेको छ । गत आर्थिक वर्षको माघ मसान्तसम्ममा वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति सात दशमलव ८८ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा पाँच दशमलव ०१ प्रतिशत छ ।

**सेवा क्षेत्र**

चालू आर्थिक वर्षको माघ मसान्तसम्ममा खुद सेवा आय रु ३७ अर्ब २६ करोडले घाटामा छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु ३८ अर्ब ४५ करोडले घाटामा थियो। गत आर्थिक वर्षको सुरुआती सात महीनामा विदेश भ्रमणका लागि नेपालबाट रु ६२ अर्ब ५७ करोड बाहिरिएको थियो। चालू आर्थिक वर्षको सोही अवधिमा भ्रमण व्यय ४९ दशमलव नौ प्रतिशतले बढेर रु एक खर्ब चार अर्ब ७५ करोड पुगेको छ। विदेशमा पढ्नका लागि नेपाली विद्यार्थीले गर्ने खर्च अर्थात् शिक्षातर्फको व्यय चालू आर्थिक वर्षको सात महीनामा रु ६६ अर्ब ६४ करोड छ। गत आर्थिक वर्षको सुरुआती सात महीनामा यस्तो खर्च रु २२ अर्ब ६० करोड बराबर थियो ।

**विनिमय दर**

विसं २०८० असार मसान्तको तुलनामा विसं २०८० माघ मसान्तमा अमेरिकी डलरसँग नेपाली मुद्रा एक दशमलव ०५ प्रतिशतले अवमूल्यन भएको छ। गत माघ मसान्तमा अमेरिकी डलर एकको खरीद विनिमय दर रु १३२ दशमलव ५६ पुगेको थियो। विसं २०७९ माघ मसान्तमा अमेरिकी डलर एकको खरीद विनिमय दर रु १३१ दशमलव ७० पुगेको छ ।

**निक्षेप र कर्जा परिचालन**

गत वर्ष २०७९ को माघ मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट परिचालन भएको निक्षेप रु दुई खर्ब ५३ अर्ब ९७ करोड रहेकोमा २०८० माघ मसान्तसम्ममा रु तीन खर्ब ९७ अर्ब २० करोड रहेको छ । त्यस्तै, गत वर्षको सुरुआती सात महीनामा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु एक खर्ब ४८ अर्ब १२ करोड रहेकोमा चालू आर्थिक वर्षको सोही अवधिमा समीक्षा अवधिमा रु एक खर्ब ९७ अर्ब २१ करोड बराबर कर्जा प्रवाह भएको छ ।

**ब्याजदर**

विसं २०७९ मा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर नौ दशमलव ७९ प्रतिशत रहेकोमा अहिले घटेर २०८० माघसम्म पुग्दा तीन दशमलव ३४ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७९ माघमा पााच दशमलव २९ प्रतिशत रहेकोमा २०८० माघमा तीन दशमलव ०४ प्रतिशत रहेको छ । विसं २०८० माघमा वाणिज्य बैंकहरूको औसत आधारदर नौ दशमलव ०६ प्रतिशत, विकास बैंकहरूको ११ दशमलव १३ प्रतिशत र वित्त कम्पनीहरूको १२ दशमलव ७० प्रतिशत रहेको छ । अघिल्लो वर्षको माघमा वाणिज्य बैंकहरूको औसत आधार दर १० दशमलव ७२ प्रतिशत थियो ।

# बालश्रमको कारण बन्दै गरीबी र पारिवारिक विखण्डन

काठमाडौं, २८ फागुन/रासस

कामको खोजीमा आमाबुबासँगै रौतहटबाट काठमाडौं आई बस्दै आएका १५ वर्षीय श्रीकृष्ण साह (नाम परिवर्तन) कहिलेकाहीं विद्यालय पोशाकमैं निर्माणका काममा भेटिन्छन् । बिदाका दिनमा त बिहानदेखि बेलुकासम्म काममा खट्छन्। अभिभावकको चाहनाभन्दा पनि बाध्यताले उनी विद्यालय जानुअघि वा गएर फर्केपछि सीधैं कार्यस्थलमा पुग्छन् । बालुवा र इँटा बोक्ने तथा घर निर्माणमा सहयोग गर्ने काम गर्नुपरेको उनीहरू बताउँछन्।

"पढाइ र घर खर्च हुने र अभिभावकलाई सहयोग हुने भएकाले काम गर्दै आएको छु। काम पनि सिक्दै गएको छु। तर पढाइमा भने नकारात्मक असर परेको छ," उदयपुर घर बताउने १४ वर्षीय विक्रम राई (नाम परिवर्तन) चाहिं एउटा रेस्टुराँमा काम सघाउँछन्। उनले भाँडा माझ्ने, सरसफाइ गर्ने र अन्य सहयोगी काम गर्छन्, जसका कारण उनको नियमित पढाइ छुटेको छ ।

पढ्न जानुपर्दैन ? भन्दा उनी जवाफ दिंदैनन्, लजाए जस्तो गरेर मानिसहरूबाट परपर भाग्छन् । बाध्यता र परिबन्दले बालश्रममा लागिरहेका बालबालिका शहरीदेखि ग्रामीण क्षेत्रमा पनि उत्तिकै छन्। कानूनतः १४ वर्षभन्दा कम उमेरका बालबालिकाको सर्वाङ्गीण वृद्धि र विकासमा नकारात्मक असर पार्ने गरी काम गराउनुलाई बालश्रम मानिन्छ । बाध्यतावश श्रममा लगाउँदा उनीहरूले शिक्षा, खेलकूद र मनोरञ्जन अधिकार र पहुँचबाट वञ्चित हुनुपरेको हुन्छ । श्रममा रहँदा बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा नैतिक विकासको गतिविधिमा बाधा वा अवरोध हुन्छ ।

विद्यमान कानून अनुसार १४ वर्ष उमेर नपुगेका बालबालिकालाई श्रममा लगाउन पाइँदैन । उनीहरूलाई १४ देखि १८ वर्षसम्मका बालबालिकालाई सामान्य खालका काममा लगाउन सकिन्छ । बालश्रम (नियमित र निषेधित गर्ने) ऐनले तोकेका विभिन्न प्रकारका कामलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नपाउने उल्लेख गरेको छ । आर्थिक वा सामाजिक लाभका नाममा बालबालिकालाई बाल भरिया, सडक बालबालिका, बालबालिकाको बेचबिखन, बालविधुवा बालश्रम, घरेलु बाल श्रमिक, होटेल व्यवसाय, ढुङ्गा खानी तथा इँटा कारखानामा काम गर्ने बाल श्रमिक र कोइलाखानीमा काम गराउन पाइँदैन । विभिन्न राष्ट्रिय प्रतिवेदनमा अझै बालबालिका श्रमिककै रूपमा कार्यरत रहन बाध्य भएको उल्लेख छ ।

श्रममा रहेका बालबालिकामध्ये करीब एक तिहाइ बालबालिका कानूनद्वारा वर्जित निकृष्ट प्रकारको श्रममा आबद्ध रहेका छन्। सन् २०२१ को नेपाल बालश्रम प्रतिवेदन अनुसार मुलुकमा कुल बालबालिकामध्ये १६ प्रतिशत अर्थात् १० लाख ८० हजार बालबालिका श्रममा रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०७८ अनुसार नेपालमा पाँचदेखि १७ वर्ष उमेर समूहका १५ दशमलव तीन प्रतिशत बालबालिका श्रममा संलग्न छन् ।

संयुक्त राष्ट्रसङ्घको बालअधिकार महासन्धि–१९८९ लाई अनुमोदन गरेको नेपालले सोको प्रतिबद्धता कार्यान्वयनका क्रममा नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हकलाई मौलिक हकमा राखिएको छ । विसं २०७८ को राष्ट्रिय जनगणनामा बालबालिकाको सङ्ख्या ३३ दशमलव ८४ प्रतिशत रहेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालअधिकारको संरक्षण र संवर्द्धनका कार्य गर्न गराउन संस्थागत र नीतिगत प्रबन्ध गरेको छ ।

ऐनबमोजिम गठित राष्ट्रिय बालअधिकार परिषद्को 'बालबालिकासम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८०' ले बालबालिकासम्बन्धी अधिकार र संरक्षणका लागि अझै चुनौती रहेको स्वीकार गरेको छ । परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले बालबालिकालाई उद्धार, संरक्षण र व्यवस्थापनका साथै बालबालिकाको अधिकार स्थापित गराउन विद्यमान स्रोत साधनको उपयोग गरी पहल भइरहेको बताए ।

उनले यस सवालमा तीनै तहका सरकार, यसमा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्था, अभिभावक र सरोकार भएका सबैको साथ हुनुपर्नेमा जोड दिए । शिक्षा र बालअधिकारका क्षेत्रमा कार्यरत संस्था आसमान नेपालले विभिन्न चार प्रदेशका ३६४ बालश्रमिकसँग अध्ययन र परामर्श गरी अवस्थाको विश्लेषण गरेको छ । सो संस्थाका कार्यक्रम व्यवस्थापक मणिराम आचार्यका अनुसार सुदूरपश्चिम, गण्डकी, मधेस र बाग्मती प्रदेशमा गरिएको सो अध्ययनले गरीबी, पारिवारिक विखण्डन, शिक्षाको पहुँचमा असहजतालगायत बहुआयामिक समस्याका कारण बालबालिका श्रममा रहन बाध्य भएको देखाएको छ । त्यसरी काममा लगाइएका बालबालिकाले समयमा र उचित भुक्तानी नपाउने, शारीरिक दुःख धेरै खेप्नुपर्ने, समयमा खान र आराम गर्न नपाउनेलगायतका समस्या भोग्दै आएका छन् ।

बालबालिकाका क्षेत्रमा कार्यरत संस्था विश्वास नेपालका फिल्ड संयोजक विष्णु पनेरुले शहरी र मनोरञ्जनका क्षेत्रमा पनि बालश्रमको अवस्था दयनीय रहेको बताउँदै यसको अन्त्यका लागि बालबालिकालाई शिक्षा र अन्य अधिकारमा पहुँच पुऱ्याउन घरपरिवार र समाजले साथ दिनुपर्ने उल्लेख गरे । "अभिभावकमा गरीबीका कारण बालबालिका घर छाडेर भागेर शहरी क्षेत्रमा जाने र त्यहाँ निकृष्टसमेतका काममा लाग्न बाध्य हुने गरेका छन्," पनेरुले भने, "तीनै तहका सरकारले बालश्रम उन्मूलनका लागि नीतिगतरूपमा पहल गरिरहेका छन् । हामी पनि लागिरहेका छौं तर यो पर्याप्त छैन । बालअधिकारको संरक्षणका लागि अझै लाग्नुपर्नेछ ।"

नेपालको संवैधानिक व्यवस्था कार्यान्वयनका लागि बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति र पालनाका लागि बालबालिकासम्बन्धी ऐन २०७५, नियमावली २०७८ लगायत अन्य विभिन्न कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा रहे पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनुपर्ने यसका साथै बालकल्याण अधिकारी वा बाल अदालतले बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र निजी सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नुपर्ने व्यवस्था पनि नीतिगतरूपमा गरिएका छन् ।

नेपाल सरकारको १५औं योजना (२०७६/७७ – २०८०/८१) मा राज्यले सबै प्रकारका बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने रणनीति अवलम्बन गरिएको छ । दिगो विकास लक्ष्यको सातौं बुँदा अन्तर्गत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरू अपनाउने उल्लेख छ । दोस्रो १० वर्षे बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४–२०८३) ले २०७९ सालसम्म निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने र २०८२ सालसम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ।

नेपाल सरकारको चालू नीति तथा कार्यक्रममा सबैखाले बालश्रम शोषणको अन्त्य गरिने, बाल सुधारगृहको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिवृद्धि गरिने, बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिने भनिएको छ । अनाथ, असहाय, टुहुरा, अपाङ्गता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापनाको लागि प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धार कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । परिषद्का उपाध्यक्ष बानियाँले बालबालिकाविरुद्ध हिंसा, दुर्व्यवहार भएमा वा जोखिम अवस्थामा परेमा बालबालिकालाई आपत्कालीन उद्धार, राहत, अस्थायी संरक्षण, मनोसामाजिक विमर्श, कानूनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनालगायत अन्य आवश्यक सहयोग गर्न राष्ट्रिय बालअधिकार परिषद्मार्फत सञ्चालन अनुमति प्राप्त गैरसरकारी संस्थाको व्यवस्थापनमा हाल १८ जिल्लामा बाल हेल्पलाइन (निश्शुल्क टेलिफोन नं १०९८) सेवा सञ्चालनमा रहेको जानकारी दिए। कानूनी विवादमा परेका बालबालिकालाई अदालतको निर्णयबमोजिम बाल सुधारगृहमा राख्न आठ जिल्लामा बाल सुधारगृह सञ्चालनमा छन् । परिषद्मा उपलब्ध अभिलेख अनुसार जम्मा ४५ वटा जिल्लामा ४१८ वटा बालगृह सञ्चालनमा रहेको र त्यस्ता बालगृहहरूमा एघार हजार २०२ बालबालिका संरक्षणमा रहेका छन् ।

# चैत १ गतेदेखि वैशाख १५ सम्म कान्तिराजपथ बन्द

पाटन (ललितपुर), २८ फागुन/रासस

ललितपुरको टीकाभैरवदेखि तीनपाने भन्ज्याङ, भट्टेडाँडा, काल्चे, बगुवा हुँदै मकवानपुरको ठिङ्गन भएर हेटौंडा पुग्ने कान्तिराजपथ ४५ दिनका लागि बन्द हुने भएको छ । ललितपुरको काल्चे खण्डको सडक चौडा गर्नका लागि आगामी चैत १ देखि वैशाख १५ गतेसम्म कान्तिराजपथ बन्द गरिने कान्ति राजमार्ग सडक योजनाका इन्जिनीयर रवीन्द्र महर्जनले जानकारी दिए ।

"मर्मतसम्भारका लागि काल्चेदेखि बगुवा खण्ड चैत १ देखि वैशाख १५ गतेसम्म बिहान १० देखि बेलुकी ५ बजेसम्म बन्द हुनेछ । यो खण्ड करीब एक दशमलव पाँच किलोमिटर सडकखण्डको साँघुरा ठाउँमा सडक चौडा गर्न लागिएको हो। सडकमाथिका कडा चट्टान कटिङ गर्ने निर्णय भएको छ । यसका लागि अहिले ४५ दिन लाग्छ भन्ने हाम्रो अनुमान हो," उनले भने ।

ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठको अध्यक्षतामा यही फागुन १६ गते बसेको बैठकले काल्चे खण्डमा पर्ने चेनेज कटिङसहितको निर्माण गर्न बिहान १० देखि बेलुकी ५ बजेसम्म सवारी आवतजावतमा रोक लगाउने निर्णय भएको हो। बैठकले कान्ति राजमार्ग खण्डमा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सेवाका यातायातलाई सञ्चालन गर्न सहजीकरण गर्ने निर्णयसमेत गरेको छ ।

विसं २०१३ मा शिलान्यास गरिएको काठमाडौंलाई हेटौंडासँग जोड्ने सडक मार्गको करीब पाँच किलोमिटर भाग अझै कालोपत्र हुन बाँकी रहेको इन्जिनीयर महर्जनले बताए । सरकारले प्राथमिकता नदिंदा र विगतमा निर्माणको जिम्मा लिएका ठेकेदार कम्पनीले ढिलासुस्ती गरेर काम गर्दा यो सडक निर्माण ६७ वर्षदेखि निर्माणाधीन अवस्थामै छ ।

कान्ति राजमार्गको हेटौंडा बुद्धचोकदेखि ललितपुरको सातदोबाटोसम्म लम्बाइ ९२ किलोमिटर हो । यसमध्ये बुद्धचोकदेखि–टीकाभैरवसम्म ७९ किमी सडक आयोजनाले निर्माण गर्ने हो । बाँकी खण्ड निर्माणको जिम्मा सडक डिभिजन कार्यालय ललितपुरको हो ।

# क्यानडामा भारतीय विद्यार्थीहरू कसरी बसिरहेका छन् ?

**सरबजीत सिंह धालीवाल**

"म भारत गएर बुबालाई अँगालो हालेर रुन चाहन्छु । म उहाँलाई धेरै


अर्पण

मिस गर्छु," यति भनिरहँदा अर्पणका आँखा रसाए। उनी बोल्दै चुपचाप बसिन्। केही क्षणको मौनता तोड्दै फेरि दोहोऱ्याउँछिन्, "यहाँ कोही कसैको छैन, सबै भागिरहेका छन् । मैले क्यानडाको बारेमा जे सोचेको थिएँ, यहाँ आएपछि ठीक उल्टो पाएँ ।"

अर्पण आफ्नो सपना साकार पार्ने उद्देश्यले दुई वर्षअगाडि अन्तर्राष्ट्रिय विद्यार्थीका रूपमा क्यानडा आएकी थिइन्। अर्पण पञ्जाबको मुक्तसर जिल्लाकी हुन्। उनका अभिभावक पेशाले अध्यापक हुन् ।

दुई वर्षको अध्ययन सिध्याएर अर्पण हाल श्रम स्वीकृति लिएर सेक्युरिटी गार्डको रूपमा कार्यरत छिन्। अध्ययनको नाममा 'स्टडी भिसा'मा क्यानडामा बस्न आउने हजारौं अन्तर्राष्ट्रिय विद्यार्थीमध्ये अर्पण पनि एक हुन्, तर यहाँको अवस्था उनको सपनाविपरीत साबित भइरहेको छ। आफ्नो पीडा बाँड्दै अर्पणले भनिन्, "आमाबुबालाई धेरै सम्झन्छु । आमाले खाना पकाउनुहुन्थ्यो । म गेम खेल्थें । कुनै जिम्मेवारी थिएन ।"

"यहाँ कोही छैन जसले भनोस्, तिमीले खाना खायौ कि खाएनौ ? यहाँ सबै काम आफैंले गर्नुपर्छ ।"

अर्पणका अनुसार उनको क्यानडा आउने कुनै योजना थिएन । वास्तवमा क्यानडाको चम्किलो भिडियो हेरेपछि


निर्लेप सिंह गिल

उनी निकै प्रभावित भइन् । उनले पञ्जाबका सबैजनाले क्यानडाको बारेमा कुरा गरिरहेको सुनिन्- यो देश धेरै सफा छ । विद्यार्थीहरूसँग ठूला कार र घर छन् र केटीहरूको लागि पनि यो देश सुरक्षित छ ।

अर्पणका अनुसार, "सानो छँदा म यी सबैबाट धेरै प्रभावित भएँ र क्यानडाका लागि पनि प्रयास गर्नुपर्छ भन्ने सोचेकी थिएँ। मेरा आमाबुबा मैले स्नातक तह यहीं पूरा गरूँ भन्ने चाहनुहुन्थ्यो तर [redacted]

आए र उसले मलाई एउटा घरको बेसमेन्टमा एउटा ओछ्यान भाडामा दिलाए, जहाँ म सात महीना बसें," अर्पणले भनिन् ।

"यो बेसमेन्ट एउटा हल थियो, जसमा कुनै कोठा थिएन, भुइँमा गद्दा मात्र थियो। जहाँ अरू केटीहरू पनि बस्थे। बेसमेन्टमा कुनै झ्यालहरू थिएनन् र पहिलो सात महीनाको लागि क्यानडामा मेरो अनुभव धेरै खराब रह्यो ।"

अर्पण भन्छिन्, "क्यानडाबारे भारतीय विद्यार्थीहरूलाई देखाउने सपनाभन्दा वास्तविकता बिल्कुलै फरक छ ।" एजेन्टहरूले उनीहरू बेसमेन्टमा बस्नुपर्छ भनेर उल्लेख गर्दैनन् । पढाइ सँगसँगै काम कसरी गर्ने ? विद्यार्थीहरूको त्यहाँ कति शोषण हुन्छ ? यसबारे कुनै जानकारी दिंदैनन्। क्यानडाका बारेमा सबै राम्रा कुरा मात्र भन्छन् ।

अर्पणका अनुसार विद्यार्थी जीवन निकै सङ्घर्षमय हुन्छ। मानसिक तनाव, परिवारबाट टाढा बस्नुको पीडा, काम नपाउनुको दबाब यी सबै विद्यार्थी जीवनको सङ्घर्षका अङ्ग हुन्। अर्पणले अहिले सबैभन्दा ठूलो समस्या कामको रहेको बताइन्। जाडोयाममा हुने रोजगार मेलामा रोजगारका लागि विद्यार्थीहरूको लामो लाइन लाग्छ । त्यहाँ केही विद्यार्थीहरूले मात्रै काम पाउँछन्, भारतमा क्यानडाको बारेमा यो सत्य कसैले बताउँदैन। जीवन बिताउने खर्च, कलेजको शुल्क र कामको प्रत्याभूति नहुँदा मनमा सधैं चिन्ता हुन्छ ।

अर्पणले भनिन् कि उनी आफ्नो अभिभावकलाई क्यानडामा भोग्नुपरेका समस्याबारे निकै कम जानकारी दिन्छिन्। उनी अभिभावकलाई भन्छिन्- पढाइ सिध्याएर जागीर पाएँ र तलब बैंकमा आइसकेको छ। अरू समस्याका बारेमा किन नभनेको भनेर सोध्दा उनले अभिभावकहरू चिन्तित हुने र धेरैजसो विद्यार्थीले यस्तै जवाफ दिने गरेको बताइन्।

"यदि मैले खाना खान पाएको छैन भने पनि म आफ्नो आमाबुबालाई मैले खाना खाइसकेको छु भनेर झूटो बोल्नुपर्छ। म यो भन्न सक्दिनँ कि मैले खाना पकाउन सकिनँ, किनकि म कामबाट ढिलो आएँ।"

अर्पण भन्छिन्, "मेरो मनभित्रको बालपन मरेको छ, सानै उमेरमा मैले क्यानडामा ठूलो जिम्मेवारी उठाउनुपरेको छ ।" अर्पणको लक्ष्य क्यानडाको नागरिकता प्राप्त गर्नु हो। त्यसपछि मात्रै उनी आफ्ना अभिभावकसँग भेट्न भारत जानेछिन्।

अर्पणका अनुसार क्यानडा राम्रो देश हो । यहाँ कसैमाथि भेदभाव हुँदैन र सबैलाई अगाडि बढ्ने समान अवसर प्राप्त छ। तर यहाँ विद्यार्थी जीवन निकै कठिन छ र भारतमा बसेर त्यसको कल्पना गर्न सकिंदैन ।

अध्यागमन, शरणार्थी र नागरिकता विभाग क्यानडा (आइआरसिसी)को २०२३ को तथ्याङ्क अनुसार यस वर्ष अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सङ्ख्या २९ प्रतिशतले बढेको छ । सबैभन्दा बढी भारतीय विद्यार्थीहरूलाई अध्ययन अनुमति दिइएको थियो। त्यसपछि दोस्रो स्थानमा चीनका विद्यार्थी र तेस्रो स्थानमा फिलिपिन्सका रहेका छन् ।

क्यानडा जाने भारतीय विद्यार्थीहरूमध्ये सबैभन्दा बढी पञ्जाब र गुजरातका छन्। यसबाहेक राजस्थान, उत्तर प्रदेश, तेलङ्गाना, आन्ध्र प्रदेश, हरियाणाका विद्यार्थीहरू क्यानडामा अध्ययनरत छन् । भारतीयहरूमध्ये सबैभन्दा धेरै विद्यार्थी पञ्जाबका छन्।

पछिल्ला केही वर्षहरूमा लाखौं भारतीय विद्यार्थीहरू राम्रो भविष्यको


अकरम

आशामा क्यानडा आएका छन् । ग्रेटर टोरन्टो क्षेत्र (जिटिए) अन्तर्राष्ट्रिय विद्यार्थीहरू विशेषगरी भारतीयहरूको लागि केन्द्र मानिन्छ । विशेषगरी ब्राम्पटनलाई 'मिनी पञ्जाब' भनेर चिनिन्छ।

**अकरमको कथा**


पञ्जाबको बरनाला जिल्लाको धूलकोट गाउँका अकरमको कथा पनि अर्पणसँग मिल्दोजुल्दो छ।

२८ वर्षीय अकरम अध्ययन अनुमति लिएर २०२३ मा क्यानडा आएका थिए र हाल ब्राम्पटनको एउटा निजी कलेजमा प्रोजेक्ट म्यानेजमेन्ट पढिरहेका छन्। अकरमले आफ्नो कक्षामा ३२ जना विद्यार्थी रहेको बताए । जसमध्ये २५ जना भारतीय र बाँकी अन्य देशका छन्। उनको कक्षामा क्यानडाली मूलका कोही पनि विद्यार्थी छैनन् ।

क्यानडामा आफ्नो अनुभवको बारेमा कुरा गर्दै अकरम भन्छन्, "क्यानडा एउटा सुन्दर जेल हो। जहाँ तपाईंलाई सबै कुरा उपलब्ध छ तर जीवनभरि यहाँबाट बाहिर निस्कन सक्नुहुन्न ।"

अकरमले भने, "अहिले हामी यहाँ मेशीन जस्तै छौं । हामी बिहानदेखि बेलुकासम्म काम गर्छौं, यो माकुराको जालो जस्तो हो, जसबाट हामी बाहिर निस्कन सक्दैनौं ।" अकरमको कलेज हप्ताको तीन दिन साँझ दुई घण्टा हुन्छ।

अकरम मजदूर परिवारबाट हुन् । उनी ३६ लाख रुपैयाँ ऋण लिएर क्यानडा आएका हुन्। यो ऋण तिर्न र आफ्नो सपना पूरा गर्न उनले दुई सिफ्टमा मिहिनेत गर्नुपर्छ। उनका अनुसार क्यानडा आएपछि थाहा भयो कि भारतमा जे


हरमिन्दर हान्सी

देखाइयो, त्यो पूर्ण सत्य होइन ।

अकरम एक प्रतिभाशाली र उनमा साहित्यिक रुचि छ। पञ्जाबमा छँदै उनी साहित्यिक गतिविधिमा भाग लिन थालेका थिए । क्यानडा आएपछि उनको कविताका पात्रहरू फेरिएका छन् । अकरमका कविताहरूले पञ्जाबको भूमिको चाहना र क्यानडाका कठिन परिस्थितिहरू झल्काउँछन्। खर्च धान्नको लागि सधैं काम र भविष्यको चिन्ता प्रायः उनको अनुहार र बोलीमा झल्किन्छ। ऋण तिर्न, कलेजको शुल्क र बस्ने खर्च धान्न अकरम दुई ठाउँमा पार्टटाइम काम गर्छन्। दिउँसो कम्प्युटर सेन्टरमा र राति गार्डको काम गर्छन् । उनी पाँच घण्टा मात्रै सुत्न पाउँछन् ।

अकरम भन्छन्, "यहाँ चिन्ता कहिल्यै हट्दैन, परिवारका सदस्यहरूसँग कुरा गर्दा मानसिक तनावबाट केही राहत मिल्छ।"

अर्पणजस्तै अकरमले पनि क्यानडामा पाएका समस्याका बारेमा आफ्ना आमाबुबासँग केही साझा गर्दैनन् ।

अकरम हाल आफ्ना पाँचजना साथीहरूसँग भाडाको बेसमेन्टमा बस्छन्। बेसमेन्टमा दुईवटा ओछ्यान छन् र बाँकी जमीनमा गद्दा छन्। त्यहाँ एउटा खाली ओछ्यान छ, जसले मेमा भारतबाट आउने अर्को अन्तर्राष्ट्रिय विद्यार्थीलाई पर्खिरहेको छ, अकरम भन्छन्। उनको बेसमेन्टमा पनि कुनै झ्यालहरू छैनन्, यो खुला हल हो ।

**मानसिक तनावबाट पीडित विद्यार्थीहरू**

निर्लेप सिंह गिलले ब्राम्पटनमा पञ्जाबी विद्यार्थीहरूको समस्याका समाधान खोज्छन् । निर्लेप सिंह गिल ब्राम्पटनमा पञ्जाबी सामुदायिक स्वास्थ्य सेवासँग काम गर्छन् ।

गिल विशेषगरी भारतीय पञ्जाबी विद्यार्थीहरूका कठिनाइहरूका बारेमा कुरा गर्छन्। उनी बताउँछन्, "क्यानडामा भारतीय विद्यार्थीहरूले विभिन्न समस्याहरू सामना गरिरहेका छन्, जसका कारण उनीहरू तनावग्रस्त भएकाले धेरै बालबालिका मानसिक रोगबाट पीडित छन् । विशेषगरी ती केटाकेटीहरू जो सानै उमेरमा (कक्षा १२ पास गरेपछि) क्यानडा आउँछन्।" उनी भन्छन् कि यी विद्यार्थीहरू उमेरले सानै भएकाले मानसिकरूपमा विकसित हुँदैनन्।

उनीहरूले तनावको सामना कसरी गर्ने थाहा पाएका हुँदैनन् । बच्चाले आमाबुबालाई केही भन्यो भने पनि उनीहरूले बुझ्दैनन् कि उसले के भनेको भनेर । गिल भन्छन्, "यो समस्या सबै अन्तर्राष्ट्रिय विद्यार्थीहरूको होइन, यहाँ केहीले प्रगति पनि गरेका छन् तर उनीहरूको सङ्ख्या निकै कम छ।"

अन्तर्राष्ट्रिय विद्यार्थीहरूमा तनावका कारणबारे सोध्दा उनले यसका धेरै कारण रहेको बताए।

**अप्रत्याशित जिम्मेवारी**

सबैभन्दा पहिलो कारण भारतमा बच्चाहरू आरामदायी वातावरणमा हुन्छन्, जसको मतलब तिनीहरूका आमाबुबाले सबै कुराको हेरचाह गर्छन् र तिनीहरूमा कुनै जिम्मेवारी हुँदैन, तर जब तिनीहरू क्यानडा आउँछन्,


(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### नपढी परीक्षा दिंदा ...

अहिले भारतका धेरै ठाउँमा बोर्ड परीक्षा सकिएको छ । त्यसैले धमाधम कापी जाँच्ने काम भइरहेको छ। समयमैं नतीजा आएपछि भर्ना प्रक्रिया पनि शुरू हुन्छ। शिक्षकहरू पूर्ण लगनशीलताका साथ कापी जाँच्नमा लागेका छन् । तर यसैबीच केही विद्यार्थीहरूका कापी सामाजिक सञ्जालमा निकै भाइरल भइरहेका छन् ।

धेरै विद्यार्थीले विषयको अध्ययन राम्ररी गरेका हुँदैनन्। जबकि उनीहरूलाई



थाहा छ कि बोर्ड परीक्षाको नतीजा कतिको महत्त्वपूर्ण हुन्छ भनेर । जसका कारण उनीहरू परीक्षामा पास हुनको लागि कुनै पनि तिकड्म गर्न पछि हट्दैनन्। कतिपय विद्यार्थीले उत्तरपुस्तिकामा पैसा राखेर यस्ता कुरा लेख्छन् कि पढेपछि शिक्षक छक्क पर्छन् । भर्खरै जबलपुरकी एक महिला शिक्षिकाले सामाजिक सञ्जालमा दुईवटा यस्ता कापी पोस्ट गरेकी छन्। यसमा विद्यार्थीहरूले प्रश्नको उत्तर नदिई शिक्षकहरूलाई भावनात्मक बनाएर पास गर्न आग्रह गरेका छन् ।

**पास गर्नुस् अन्यथा**

पहिलो मामिला अङ्ग्रेजी विषयको परीक्षाको हो । कक्षा १२ की विद्यार्थीले आफ्नो परीक्षा राम्रो नभएको महसूस गरिन् । जसका कारण उनले निबन्धको साटो शिक्षकलाई आफूलाई पास गरिदिन अनुरोध लेखिन्। उनले लेखेकी छन् कि यदि आफू फेल भएमा आमाबुबाले आफूलाई थप शिक्षा दिनेछैनन्। उनीहरूले मेरो विवाह गरिदिनेछन्। त्यसैले कृपया मलाई पास गरिदिनुस्।


**शुरू भएको छ यस्तो चलन**

यस्तो भावनात्मक कुरा कापीमा लेख्नु सामान्य हो। पछिल्ला वर्षहरूमा धेरै विद्यार्थीले नयाँ प्रवृत्ति शुरू गरेका छन् । विद्यार्थीले उत्तरपुस्तिकामा भगवान्को नाम लेखेर उत्तर दिन थालेका छन् । पहिलो पृष्ठमा एक विद्यार्थीले सरस्वती वन्दना लेखेका छन्। अर्का विद्यार्थीले शिवको नाम लेखे। शिक्षकका अनुसार यी सबै युक्तिले उनीहरूलाई कुनै असर गर्दैन । सही उत्तरको आधारमा मात्र अङ्क दिन्छौं भनेका छन् ।

### ह्वाट्सएपले ल्यायो नयाँ फिचर

ह्वाट्सएपमा चाँडै एउटा नयाँ फिचर देखिनेछ, जसको मदतले प्रयोगकर्ताहरूले छनोट गर्न सक्नेछन् कि उनीहरूको अवतारलाई स्टीकरमा कसले प्रयोग गर्न सक्छ। यस फिचरमा प्रयोगकर्ताले माई कन्टयाक्ट, सेलेक्टेड कन्टयाक्ट र नोबडी गरी तीनवटा विकल्प छनोट गर्ने सुविधा पाउनेछन् । यदि प्रयोगकर्ता र उनीहरूका सम्पर्क दुवैले यो सुविधालाई सक्रिय गरे भने, तिनीहरूको अवतारवाला स्टिकरहरू च्याटमा देखा पर्नेछन् ।

WABetaInfo को रिपोर्ट अनुसार अवतार सुविधा चाँडै आउन सक्छ, जसमा प्रयोगकर्ताहरूले आफ्नो अवतार कसले प्रयोग गर्न सक्छन् भनेर नियन्त्रण गर्न सक्षम हुनेछन्। यसका साथै प्रयोगकर्ताको तस्बिर उसले विश्वास गर्ने व्यक्तिहरूमा मात्र सीमित हुनेछ । बिटा परीक्षकहरूले अपडेट गरिएको संस्करण २.२४.६.८ मा यो सुविधा




प्रयोग गर्न सक्छन्। यो सुविधा उपयोगी र धेरै रमाइलो साबित हुन सक्छ। साथै केही गलती गर्ने सम्भावना पनि कम हुनेछ र गोपनीयता पनि कायम हुनेछ ।

**ह्वाट्सएपले चाँडै यो नयाँ सुविधा ल्याउन सक्छ**

ह्वाट्सएपले अर्को फिचरमा पनि काम गरिरहेको छ, जसमा प्रयोगकर्ताको च्याट एन्ड-टु-इन्ड इन्क्रिप्टेड छ वा छैन भनी बताइनेछ । अहिले यो सुविधा परीक्षण चरणमा छ, जुन हाल एन्ड्रोइडका लागि छ । एन्ड-टु-इन्ड इन्क्रिप्टेड सुविधाको बारेमा कुरा गर्दा जब तपाईं कुनै व्यक्ति वा समूहसँग कुरा गर्दै हुनुहुन्छ, तपाईंले यसको तल 'एन्ड-टु-एन्ड इन्क्रिप्टेड' लेखिएको देख्नुहुनेछ। यसको मतलब तपाईंको च्याट सुरक्षित छ र कसैले तपाईंको कुराकानी वा कल सुन्न सक्दैन। यसअघि रिपोर्टमा ह्वाट्सएपको स्टिकर एडिटर सुविधाको बारेमा पनि भनिएको थियो, जसमा प्रयोगकर्ताहरूले कुनै 'थर्ड पार्टी एप' विना स्टिकरहरू सम्पादन गर्न सक्छन्। यो सुविधा आइओएस संस्करण २४.१.१०.७२ मा प्रस्तुत गरिएको छ। हालै WABetaInfo ले आफ्नो पछिल्लो पोस्टमा यो सुविधाको स्क्रिनसट पनि साझा गरेको छ । यसमा प्रयोगकर्ताहरूले स्टिकर किबोर्डमा गएर कुनै पनि छविलाई स्टिकरमा रूपान्तरण गर्न सक्छन् ।

### डीपफेक के हो ?

भारतमा लोकसभा चुनावपछि डीपफेकविरुद्ध कानून ल्याउने बताइएको छ। पछिल्ला केही महीनाहरूमा धेरै अभिनेत्री र यहाँसम्म कि प्रधानमन्त्री नरेन्द्र मोदी गरबा गर्दै गरेको डीपफेक भिडियोहरू बाहिर आएका छन् ।

डीपफेक भनेको के हो र यो कसरी बनाइन्छ यसको बारेमा जानौं। डीपफेक शब्द सन् २०१७ मा आएको थियो । त्यसपछि एक रेडिट प्रयोगकर्ताले अश्लील




भिडियोमा अनुहार परिवर्तन गर्न यस एपको प्रयोग गरे ।

डीपफेक भनेको आर्टिफिसियल इन्टेलिजेन्सको सहयोगमा भिडियो, तस्बिर र अडियोको हेरफेर हो । यसमा आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरेर नक्कली सामग्री बनाइन्छ । अरू कसैको फोटो वा भिडियोमा अरू कसैको अनुहार राखेर परिवर्तन गर्न सकिन्छ। आर्टिफिसियल इन्टेलिजेन्सबाट बनाइएका यी भिडियोहरू वास्तविक देखिए पनि वास्तविकरूपमा नक्कली हुन्छन् । डीपफेकबाट फोटो, भिडियो वा अडियोहरू तयार गर्न दुई प्रकारका एल्गोरिदम प्रयोग गरिन्छ । एउटा एन्कोडर र अर्को डिकोडर । डिकोडरले सामग्री वास्तविक वा नक्कली के हो पत्ता लगाउँछ। त्यसपछि यसलाई पहिचान गरेर डिकोडरले यसको जानकारी एन्कोडर एल्गोरिदममा पठाउँछ । त्यसपछि एन्कोड गरिएका सामग्रीलाई गलत डिकोडरमा फिड गरेर डीपफेक सिर्जना गरिन्छ।

डीपफेकबाट बनाइएका भिडियोमा अनुहार र शरीरका अन्य अङ्गहरू अलि फरक देखिन्छन्। भिडियो यस्तो पनि हुन सक्छ कि देखाइएका व्यक्तिले कुनै पनि शारीरिक गतिविधि गरेको छैन। यसबाहेक, डीपफेक भिडियोका विभिन्न भागहरूमा रङहरू पनि फरक हुन सक्छन्। यसको कारण यो हो कि पूरै भिडियोमा विभिन्न ठाउँमा रङ्ग सुधार गर्न धेरै समय खर्च गर्नुपर्छ र कोही पनि त्यति धेरै समय दिन चाहँदैन । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## पुटिनसँगको प्रतिस्पर्धामा तीन नयाँ अनुहार

मस्को, २८ फागुन/एएफपी

युक्रेनमा रूसको चुनावी अभियानका


तस्वीर: एजेन्सी

कारण उत्पन्न उथलपुथलका बावजूद रूसमा आगामी शुक्रबारदेखि आइतवारसम्म राष्ट्रपतिको निर्वाचन हुँदैछ।

निर्वाचनले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई थप छ वर्षको कार्यकालका लागि अनुमोदन गर्नेमा कुनै शङ्का छैन।

चुनावी अभियानमा युक्रेन आक्रमणको विपक्षमा रहेका बोरिस नादेज्दिन र येकातेरिना डन्टसोभाले आफ्नो उम्मेदवारीको समर्थनमा १०औं हजार हस्ताक्षर सङ्कलन गर्दै उम्मेदवारीको घोषणा गरेका थिए तर उनीहरूको उम्मेदवारी अस्वीकृत भएको छ।

पुटिनबाहेक राष्ट्रवादी कन्जरभेटिभ लिओनिद स्लट्स्की, कम्युनिस्ट पार्टीका निकोलाई खारिटोनोभ र प्रसिद्ध व्यापारी भ्लादिस्लाभ दाभानकोभ गरी तीनजना पुटिनसँगको प्रतिस्पर्धामा रहेका छन्। तीनैजनाले युक्रेनविरुद्ध भइरहेको रूसको आक्रमणलाई समर्थन गरेका छन्।

क्रेमलिनका आलोचकहरूले यी तीन उम्मेदवारको भूमिका विपक्षीहरूलाई दमन गरी पाखा लगाइएको वा देशभित्र उनीहरूको राजनीतिक भूमिका नै अन्त्य गरिएको समयमा मतदानमा बहुलवादी रङ भर्ने र पुटिनविरोधी आलोचनालाई कमजोर पार्ने रहेको औंल्याएका छन्।

स्वतन्त्र पर्यवेक्षकहरूले पनि मतदानमा धाँधली, मतपत्रमा अनियमितरूपमा गैरमतदाताबाट छाप हान्ने र यथास्थितिलाई समर्थन गर्न राज्यका लाखौं कर्मचारीलाई प्रयोग गर्ने जस्ता कार्यहरू हुन सक्ने बताएका छन्।

करीब एक महीना पहिले जेलमा मृत्यु भएको भनिएका विपक्षी नेता एलेक्सी नभाल्नी र उनकी पत्नी युलिया नाभाल्नायाले आह्वान गरे अनुसार नेता पुटिनको कार्यकाललाई लम्ब्याउन गरिने 'तथाकथित निर्वाचन'को विरोधमा कुनै विरोध प्रदर्शन हुन सक्छ कि सक्दैन अहिले विश्वको ध्यान त्यसतर्फ गएको छ।

गत महीना मस्कोमा नभाल्नीको अन्त्येष्टिमा हजारौं समर्थकले सरकार विरोधी नारा लगाएका थिए।

नभाल्नीको मृत्युका कारण शोकमा रहेकी उनकी पत्नीले आफ्ना समर्थकलाई आइतवार स्थानीय समय अनुसार बिहान ९ बजे मतदान केन्द्रमा आएर पुटिनबाहेक अरूलाई मतदान गरेर वा मतपत्रमा 'नभाल्नी' लेखेर मतदान रद्द गर्दै विरोध गर्न आग्रह गरेकी छन्।

निर्वाचनको परिणाममा कुनै शङ्का नभए पनि पुटिनको आन्तरिक र अन्तर्राष्ट्रिय वैधतालाई मजबूत बनाउन सरकारले कडा अभियान चलाइरहेको छ। युक्रेनमा रूसी आक्रमणको सफलताका र विपक्षीहरूको आवाज दमनमा परेको समय भएकोले नेता पुटिन अहिले सहज स्थितिमा रहेका छन्। कीएभका लागि पश्चिमी समर्थन र रूसविरुद्धको व्यापक प्रतिबन्धहरूका बावजूद रूसी अर्थव्यवस्था लचिलो साबित भएको छ।

पुटिनले हालैका हप्ताहरूमा सञ्चारमाध्यममा उपस्थिति बढाएका छन्। विद्यार्थीहरूलाई भेटेका छन्। कारखानाहरूमा पुगी श्रमिकहरूको मन जित्ने कोशिश गर्दै उनीहरूको लाभका लागि व्यापक आश्वासन दिएका छन्। यद्यपि रूसी राष्ट्रपतिले करीब २५ वर्षअघि सत्तामा आएदेखि अहिलेसम्म चुनावी बहसमा भाग लिएका छैनन् र अहिले पनि यो सम्भावना छैन।

गत महीना 'स्टेट अफ द नेशन'को भाषणमा राष्ट्रपति पुटिनले विद्यालय र पूर्वाधारको आधुनिकीकरण, गरीबी निवारण, वातावरण संरक्षण र प्रविधिको विकासका लागि अर्बौं रूबल प्रदान गर्दै बजेट प्रतिबद्धताको लामो शृङ्खलाको घोषणा गरेका थिए। कम्तीमा सन् २०३० सम्मका लागि सरकारको योजना सार्वजनिक गरिएको सम्बोधनमा पुटिनले रूसको एकता र विकासमा जोड दिएका छन्।

यद्यपि युद्धपछि पनि रूसी अर्थव्यवस्था अपेक्षा गरेभन्दा सहज अवस्थामा देखिएको भएपनि धेरै रूसी युक्रेनविरुद्धको अभियानले उत्पन्न अस्थिरताको बारेमा चिन्तित छन् भने विशेषगरी खाद्यान्नलगायत उपभोग्य वस्तुको बढ्दो मूल्यप्रति चिन्तित छन्।

युक्रेन युद्धमा हजारौं युवा लडिरहेका वा मृत्यु भएका कारण श्रमको अभाव बढेको छ भने लाखौं अन्य मानिसहरू द्वन्द्वको विरोध गरेका कारण वा सैन्य सेवाबाट बच्न विदेश पलायन भएका छन्।

आफ्ना प्रियजनलाई मोर्चाबाट फर्कन दिइयोस् भन्ने माग गर्दै आएका सैनिकका पत्नीहरूले हालैका महीनाहरूमा गरेको प्रदर्शनमा अधिकारीहरूले निकै कडाइ गरेका छन्।

देशभरि देशभक्तिका पोस्टरहरू टाँसिएका छन्, जसमा रूसीहरूलाई मतदान गर्न आह्वान गरिएको छ।

चुनावी पोस्टरमा युक्रेनमा रूसी सेनाले प्रयोग गरेको 'भी' चिह्न र 'सँगै हामी बलियो छौं' भन्ने नारा छापिएको छ र भनिएको छ, "आउनुहोस्, रूसको लागि मतदान गरौं।"

पुटिनले गत डिसेम्बरमा मतदानमा सम्भावित 'विदेशी हस्तक्षेप'बारे चेतावनी दिंदै 'कडा प्रतिक्रिया' दिने प्रतिबद्धता जनाएका थिए।

गत साता रूसी प्रशासनले अमेरिकी राजदूत लिन ट्रेसीलाई बोलाएर अमेरिकी आर्थिक सहयोगमा सञ्चालित गैरसरकारी संस्थाहरूले निर्वाचनबारे 'गलत सूचना फैलाएको' आरोप लगाएको थियो। जारी द्वन्द्वका बीच रूसी अधिकारीहरूले सामान्य अवस्था प्रस्तुत गर्न खोजेको विरोधाभासको सङ्केतको रूपमा युक्रेनको रूसी नियन्त्रित क्षेत्रहरूमा मतदान हुनेछ।

रूसले सन् २०२२ मा युक्रेनका चार क्षेत्रलाई एकतर्फी रूपमा आफ्नो कब्जामा लिएको घोषणा गरेको थियो। अहिले रूसी कब्जामा लिइएका स्थानीय बासिन्दालाई धम्की र हिंसाको शिकार बनाइँदैछ र उनीहरूलाई मतदान गर्न बाध्य पारिंदै गरिएको आरोप कीएभले लगाएको छ। मस्कोले मतदानका लागि अनावश्यक दमन र हिंसाको खेल खेलिरहेको भन्ने युक्रेनी आरोपको खण्डन गर्दै आएको छ।

युक्रेनमा तैनाथ रूसी सैनिकले तत्काल रूसी निर्वाचनका लागि मतदान गर्ने वातावरण भने देखिएको छैन। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | खर्चवृद्धि | वृष | धनलाभ |
| मिथुन | सफलता | कर्कट | प्रगति |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | शत्रुभय | वृश्चिक | सुसमाचार |
| धनु | भयचिन्ता | मकर | राज्यलाभ |
| कुम्भ | धनलाभ | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

क्यानडामा ...

तिनीहरूमाथि तुरुन्तै जिम्मेवारीहरू आउँछन्। यसका लागि उनीहरू मानसिकरूपमा तयार हुँदैनन्।

"क्यानडामा लागूऔषध व्याप्त छ। भारतमा केही प्रकारका औषधिहरू मात्र छन् तर क्यानडामा ५५ देखि ७० प्रकारका औषधिहरू उपलब्ध छन्। लागूऔषधको लतले विद्यार्थी मानसिक तथा शारीरिक रोगका शिकार बन्छन्। यसबाहेक लागूऔषधको बढी मात्राका कारण विद्यार्थीको मृत्यु हुने सङ्ख्या पनि बढिरहेको छ।

निर्लेप सिंह गिलले भने, "भारतको ठूलो जनसङ्ख्या क्यानडामा बसोबास गर्छ, केवल अन्तर्राष्ट्रिय विद्यार्थीहरूको मृत्युको सङ्ख्या किन बढिरहेको छ, यो एक प्रश्न हो।" उनले भने कि अधिकांश मृत्यु हृदयघातसँग जोडिएको छ। यससँगै


पत्रकार जसवीर शमील

विभिन्न कारणले हुने मानसिक तनावका कारण विद्यार्थीहरूमा आत्महत्या गर्ने प्रवृत्ति पनि बढेको छ।

### पिआरको लागि दबाब

क्यानडामा हरेक पाइलामा तनाव र चिन्ता पाइन्छ। त्यसैले विद्यार्थीहरूलाई यसको सामना कसरी गर्ने भन्ने थाहा भएन भने उनीहरू निराश हुन्छन्।

यसबाहेक विद्यार्थीहरू क्यानडाको नागरिकता र पिआर पाउनको लागि मानसिक दबाबमा रहन्छन्।

### क्यानडामा विद्यार्थीहरूको मृत्यु

अन्तर्राष्ट्रिय विद्यार्थी समुदायमा अर्को एउटा कुरा छ, जसले सबैलाई छक्क पार्छ। अर्थात् यहाँ विद्यार्थीहरूको बढ्दो मृत्यु। यो कुरा जान्नको लागि ब्राम्पटनको एक निजी अन्त्येष्टि गृहका प्रबन्धक हरमिन्दर हान्सीसँग बुझ्नुपर्छ। उनले यो अत्येष्टि गृह विगत १५ वर्षदेखि सञ्चालन गर्दै आएका छन्।

पछिल्लो समय अन्तर्राष्ट्रिय विद्यार्थीहरूको मृत्युदर निकै बढेको हरमिन्दर हांसीले बताए। मृत्युको कारणबारेको प्रश्नमा उनले धेरैजसो मृत्युका एक वा दुईवटा मामिलामा मात्रै प्राकृतिक कारण हुने गरेको तर अधिकांश मृत्युको कारण आत्महत्या भएको बताए।

यसबाहेक लागूऔषधको बढी मात्राका कारण पनि मृत्यु हुने गरेको छ। मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा हुने दुर्घटना पनि अन्तर्राष्ट्रिय विद्यार्थीहरूको मृत्युको कारण बन्दै गएको छ।

हरेक महीना चार/पाँच जनाको शव भारत पठाउने गरेको हान्सीले बताए। यसबाहेक केहीको क्यानडामैं दाहसंस्कार हुने गरेको छ, त्यसको तथ्याङ्क भने उपलब्ध छैन। हान्सीका अनुसार यो एउटा अन्त्येष्टि गृहको आँकडा मात्र हो। जिटिएमा हाल धेरै अन्त्येष्टि गृह छन्। उनले भने कि यदि सम्पूर्ण क्यानडाको तथ्याङ्क जोडेमा यो सङ्ख्या धेरै हुन सक्छ।

डिसेम्बर २०२३ मा भारतका विदेश राज्यमन्त्री वी मुरलीधरनले राज्यसभामा सोधिएको प्रश्नको लिखित जवाफमा भनेका थिए कि २०१८ देखि डिसेम्बर २०२३ सम्म ४०३ जना भारतीय विद्यार्थीको विदेशी भूमि मृत्यु भएको छ, जसमध्ये सबैभन्दा बढी ९४ जना विद्यार्थीको मृत्यु क्यानडामा भएको छ। तीमध्ये केहीको मृत्यु प्राकृतिक र केही दुर्घटनाका कारण भएको उनको जवाफमा उल्लेख छ। डिसेम्बर २०२३ मा भारतीय विदेश मन्त्रालयका तत्कालीन प्रवक्ता अरिन्दम बागचीले भारतबाट क्यानडा जाने विद्यार्थीको सङ्ख्या अन्य देशका तुलनामा धेरै रहेको बताएका थिए।

### क्यानडाको अध्ययन अनुमतिको वास्तविक सत्य के हो ?

हरेक वर्ष लाखौं भारतीय विद्यार्थी अध्ययन अनुमति लिएर क्यानडा जाने गर्छन्। क्यानडा सरकारको आधिकारिक तथ्याङ्क अनुसार सन् २०२२ को तुलनामा २०२३ मा सक्रिय विद्यार्थी भिसाको सङ्ख्या करीब २९ प्रतिशतले बढेर १० लाख ४० हजार पुगेको छ, जसमध्ये चार लाख ८७ हजार भारतीय विद्यार्थी थिए। यो २०२२ को तुलनामा ३३.८ प्रतिशतले बढी हो।

अन्तर्राष्ट्रिय विद्यार्थीहरूले औसत क्यानडाली विद्यार्थीभन्दा तीन गुणा बढी शुल्क तिर्नुपर्छ। क्यानडा सरकारको २०२२ को रिपोर्ट अनुसार अन्तर्राष्ट्रिय विद्यार्थीहरूले यहाँको अर्थतन्त्रमा २२ अर्ब क्यानडाली डलर योगदान गरेका छन्। यसबाहेक करीब २.२ लाख नयाँ रोजगार सृजना भएको छ।

यस कारणले गर्दा अन्तर्राष्ट्रिय विद्यार्थीहरू क्यानडाको अर्थतन्त्रको लागि आवश्यक देखिन्छ। भारतलगायत विश्वका धेरै देशबाट हरेक वर्ष क्यानडा अध्ययनका लागि विद्यार्थी आउने गरेका छन्। तीमध्ये अधिकांश भारतका विद्यार्थी छन्।

यस कारण क्यानडाका विश्वविद्यालयहरू र कलेजहरूले अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई भर्ना गर्न प्राथमिकता दिइरहेका छन्। धेरै कलेज नाम मात्रका छन्। क्यानडा सरकारले अब यस्ता कलेजहरूविरुद्ध केही कडा कदम चालेको छ।

ओन्टारियोको डिपार्टमेन्ट अफ कलेज र युनिभर्सिटीको रिपोर्ट अनुसार २०१२ देखि २०२१ सम्म प्रान्तका निजी कलेजहरूमा घरेलु विद्यार्थीहरूको सङ्ख्या १५ प्रतिशतले घटेको छ।

जबकि यस अवधिमा अन्तर्राष्ट्रिय विद्यार्थीको सङ्ख्यामा ३४२ प्रतिशतले वृद्धि भएको छ। जसमध्ये ६२ प्रतिशत भारतका विद्यार्थी थिए।

### क्यानडामा शिक्षा स्तर

क्यानडामा शिक्षाको स्तर कस्तो छ ? यसबारे टोरन्टोमा लामो समयदेखि पत्रकारिता गर्दै आएका जसवीर शमील भन्छन्, पछिल्लो १० वर्षमा क्यानडामा अन्तर्राष्ट्रिय विद्यार्थी विशेषगरी भारतीय विद्यार्थीको सङ्ख्या बढेको छ।

शमीलले भने, "अध्ययन अनुमति क्यानडा आउने एउटा माध्यम हो। पढाइ सकेपछि यहाँ आएका अधिकांश विद्यार्थी ट्रक चालक, ट्याक्सी चालक, ढुवानी गर्ने कामदार, होटल मजदूरको रूपमा काम गर्न थाल्छन्।

धेरैजसो विद्यार्थी यही गतिविधिमा



अन्त्येष्टि गृह

फसेको शमील बताउँछन्। आफूले पढेको विषयमा रोजगार पाउने विद्यार्थीको सङ्ख्या निकै कम छ। उनले क्यानडाको अहिलेको अवस्था निकै खराब रहेको बताए। विद्यार्थीलाई छाड्नुहोस्, यहाँका नागरिकले पनि रोजगार पाएका छैनन्। शमीलका अनुसार क्यानडाका निजी कलेजहरू भारतीय विद्यार्थीले भरिपूर्ण छन्। धेरै कलेजमा ९५ प्रतिशत भारतीय विद्यार्थीहरू छन्।

उनले जनवरी २०२४ मा क्यानडा सरकारले अन्तर्राष्ट्रिय विद्यार्थीको सङ्ख्यामा केही प्रतिबन्ध लगाएको बताए। जसले अन्तर्राष्ट्रिय विद्यार्थीको सङ्ख्या केही घटेको छ। क्यानडा सरकारले दुई वर्षका लागि विदेशी विद्यार्थीको सङ्ख्या ३५ प्रतिशतले घटाएको छ।

यसबाहेक क्यानडाले अब यहाँ मास्टर्स वा डाक्टरेट तहको अध्ययन गर्न आउने अन्तर्राष्ट्रिय विद्यार्थीका जीवनसाथीलाई मात्र भिसा दिने घोषणा गरेको छ।

तल्लो तहको पाठ्यक्रममा अध्ययनरत विद्यार्थीहरूले जीवनसाथी भिसामा आफ्नो जीवनसाथीलाई क्यानडामा आमन्त्रित गर्न सक्नेछैनन्। क्यानडाले त्यहाँ आवासीय समस्याका कारण उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै यो कदम चालेको हो किनभने यहाँ आवासको समस्या उत्पन्न भएको थियो।

क्यानडा सरकारको तथ्याङ्कले हाल क्यानडाभरि तीन लाख ४५ हजार घरको अभाव रहेको देखाएको छ। जसका कारण विद्यार्थीहरू बेसमेन्टमा बस्न बाध्य छन्।

### धार्मिकस्थल र खाद्य बैंकको समर्थन

क्यानडामा रोजगारको अभावका कारण धेरै अन्तर्राष्ट्रिय विद्यार्थीहरूले रोजगार पाएका छैनन्। रोजगारको अभाव र बढ्दो मुद्रास्फीतिका कारण धेरै विद्यार्थीलाई दुई छाक खानसमेत समस्या भएको छ। जसका कारण धेरै विद्यार्थी गुरुघरहरू र फूड बैंकमा भर पर्न बाध्य छन्।

विशाल खन्नाले ब्राम्पटनमा फूड बैंक चलाइरहेका छन्। खन्ना भन्छन्, "कलेजको शुल्क, घरभाडा र रोजगारको अभावका कारण धेरै विद्यार्थी अत्यन्तै समस्यामा छन्। खन्नाका अनुसार उनले हरेक महीना ६०० देखि ७०० विद्यार्थीलाई सुक्खा रासन उपलब्ध गराएर सहयोग गरिरहेका छन्। अन्तर्राष्ट्रिय विद्यार्थीहरूको भीड सामान्यतया गुरुद्वाराहरूमा हेर्न सकिन्छ।

केही विद्यार्थीहरूले नाम नछाप्ने शर्तमा आफूहरू र उनीहरूका धेरै साथीहरू कहिलेकाहीं लङ्गर खान मात्रै गुरुद्वारा जाने गरेको बताए।

गुरुद्वाराका प्रबन्धकहरू पनि यस्ता विद्यार्थीहरूलाई सहयोग गर्न अगाडि आउँछन्।

### क्यानडाबाट किन हुँदैन फिर्ती ?

जब अकरमलाई यहाँ जीवन यति अप्ठ्यारो छ भने किन भारत नफर्केको भनेर सोधिएको थियो, उनले जवाफ दिए, "गाउँलेले के भन्छन् ? आफन्तले के भन्छन् ?"

उनले भने, "हामीले चाहेर पनि देश फर्किन सक्दैनौं। आफन्त र समाजको दबाबले हामी यो गर्न सक्दैनौं।"

यी विद्यार्थीहरू सोच्छन् कि आफूहरू फिर्ता गएमा ती सपनाहरूको के हुन्छ, जुन भारतमा रहँदा क्यानडाका लागि देखेका थिए।

अकरम भन्छन्, "जब हामी स्वदेश फर्कन्छौं, मानिसहरूले हामीलाई नकारात्मक नजरले हेर्नेछन्। क्यानडामा बसोबास गर्ने बाटो अहिले धेरै कठिन र लामो देखिन्छ, तर अझै पनि तिनीहरू निश्चितरूपमा आफ्नो गन्तव्यमा पुग्नेछन्।"

अकरमको कवितामा यो गन्तव्य 'पञ्जाब फर्किने' बारम्बार उल्लेख गरिएको छ।

अर्पण पनि क्यानडाको जीवनबाट दिक्क छिन्। उनी पञ्जाब फर्केर आफ्ना आमाबुबालाई भेट्न चाहन्छिन्, तर यसमा क्यानडाको नागरिकता नपाउँदा पनि ठूलो बाधा छ। उनी क्यानडाको नागरिकता लिएर मात्रै भारत फर्कन चाहन्छिन्।

अर्पणजस्ता हजारौं विद्यार्थी घर, परिवार र साथीभाइबाट टाढिएर समय नपुग्दै हुर्केका छन्, तर खुला आँखाले देखेका ती सुनौला सपनाहरू विदेशले पूरा गर्नेछ त ? **(स्रोत : बिबिसी हिन्दी)**

# मरणोपरान्त कादमियाको आँखा दान

प्रस, परवानीपुर, २८ फागुन/

वीरगंजकी एकजना वृद्धाको मरणोपरान्त आँखा दान गरिएको छ। वीरगंज महानगरपालिका–७ रामटोल बस्ने मदनलाल कादमियाकी आमा गङ्गादेवी कादमियाको मरणोपरान्त आँखा दान गरिएको हो।



मृतक कादमियाको तीनजना छोराको राय र मृतक कादमियाको इच्छा अनुसार रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताललाई आँखा दान गरिएको हो। ८५ वर्षीया वृद्धाको सोमवार बिहान १ बजे निधन भएकोमा बिहान साढे ४ बजे खबर गर्दा उनको आँखाको नानी निकालेर आँखा बैंकमा जम्मा गरिएको अस्पताल व्यवस्थापक प्रकाशकुमार बर्माले जानकारी गराए।

केडिया आँखा अस्पतालले ४९औं वर्ष पूरा गरी ५०औं वर्षमा प्रवेश गर्दा विभिन्न योजना सञ्चालन गरेको छ। त्यसमध्ये आँखा दानबाट सङ्कलित आँखाको नानी सङ्कलन गरी आँखा बैंकमा जम्मा गर्ने र आवश्यक परेका बिरामीलाई आँखाको नानी प्रत्यारोपण गर्ने योजना रहेको अस्पतालले जनाएको छ। मधेस प्रदेशका आँखा अस्पतालहरूमा आँखा बैंक नरहेकाले तिलगङ्गा आँखा अस्पतालको आँखा बैंकमा सङ्कलित आँखाको नानी जम्मा गर्दै आएको र केडिया आँखा अस्पतालमा निकट भविष्यमैं आँखा बैंक स्थापनाको लागि पहल भइरहेको उनले बताए।

अस्पतालमा आँखा बैंक स्थापनाको लागि साझेदार निकायलाई अग्रसर हुन उनले आग्रह गरे। मृत व्यक्तिको अन्त्येष्टि गर्दा आँखा जलेर नष्ट हुन्छ, तर आँखाको नानी दान गर्दा अन्य दुईजना दृष्टिविहीन व्यक्तिले आँखाले देख्न सक्ने हुन्छ। तसर्थ मरणोपरान्त आँखा दान गर्न अस्पतालले सर्वसाधारणलाई सुझाव दिएको छ।

# ब्रह्मकुमारीको आयोजनामा आध्यात्मिक प्रवचन

नरेश यादव, पर्सागढी, २८ फागुन/

ब्रह्मकुमारी राजयोग उपसेवा केन्द्र, जीतपुरको आयोजनामा महाशिवरात्रिको अवसरमा सोमवार आध्यात्मिक प्रवचन समारोह सम्पन्न भएको छ।




जीतपुरसिमरा उपमहानगरपालिका–७ स्थित फकिरा गिरी राजेश्वर गिरी माविमा आयोजित प्रवचन समारोहको प्रदेशसभा सदस्य देवनारायण चौधरीले उद्घाटन गरेका थिए।

उनले महाशिवरात्रि पवित्र पर्व भएको बताए। उनले मनमा जेजस्तो कुरा भएपनि पर्वमा त्यो शुद्ध हुनुपर्ने बताए। उनले आफ्नो धर्म–संस्कृतिको संरक्षण गर्नुपर्ने कुरामा जोड दिए। नेता चौधरीले पूजापाठबाट सहनशीलता, धैर्यता प्रदान हुने बताउँदै पछिल्लो समयमा चाडपर्वहरूमा विकृति मौलाउन थालेको भनेर चिन्ता व्यक्त गरे।

वडाध्यक्ष सुनीलकुमार गुप्ताले ओम शान्तिले सकारात्मक ज्ञान प्रवाहमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको बताए। खानपान, पूजापाठ र ज्ञान आर्जनको दिशामा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको बताए।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, वीरगंजकी प्रमुख सञ्चालिका रविणा दिदीको अध्यक्षतामा भएको कार्यक्रममा उपशाखा प्रमुख रेणु दिदीले स्वागत र ब्रह्माकुमारी सविताले सहजीकरण गरेकी थिइन्।

# जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू



प्रस, वीरगंज, २८ फागुन/

नारायणी रङ्गशालामा सोमवारदेखि जिल्ला खेलकूद विकास समिति पर्साको आयोजनामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू भएको छ।

नेपाली काङ्ग्रेस, पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले प्रतियोगिताको उद्घाटन गर्दै खेलजगत्को विकासका लागि प्रदेश सरकार सकारात्मक रहेको बताए। उनले खेलको माध्यमबाट देश र विदेशमा नेपालको नाम अगाडि आइरहेको चर्चा गर्दै सोको विकासका लागि आफ्नो तहबाट हुन सक्ने सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा पर्साका ठोरी, सखुवाप्रसौनी, कालिकामाई, पटेर्वासुगौली गापा र पर्सागढी नपा तथा वीरगंज महानगरपालिका गरी छ वटा पालिका सहभागी छन्।

आज भएको उद्घाटन खेलमा १५ सय मिटर दौड प्रतियोगितामा पुरुषतर्फ सन्देश खत्री (ठोरी) प्रथम, लालबहादुर ठाकुर द्वितीय र मुमताज अन्सारी ( पर्सागढी) तृतीय भएका थिए। महिलातर्फ भने वीरगंज महानगरकी कुन्सुम खातुन प्रथम, पर्सागढीकी नन्दनी कुमारी द्वितीय र कालिकामाई गापाकी रोशनी शर्मा तृतीय भएका थिए।

सय मिटर दौडमा पुरुषतर्फ महानगरका पुष्पराज यादव प्रथम, पर्सागढी नपाका सुजन मल्ल द्वितीय र ठोरी गापाका अनमोल श्रेष्ठ तृतीय भएका थिए।

यसैगरी, ज्याबलिङ थ्रोमा ठोरीका किशोर पाण्डे प्रथम, विजय तामाङ द्वितीय र पर्सागढी नपाका मदन विश्वकर्मा तृतीय भएका थिए। महिलातर्फ वीरगंज महानगरकी नजराना खातुन प्रथम, ठोरी गापाकी रजनी साह द्वितीय र आशिका पाख्रिन तृतीय भएका थिए। रिले दौड चार सय चार प्वाइन्टमा पुरुषतर्फ पर्सागढी नपा प्रथम, ठोरी र सखुवाप्रसौनी गापा क्रमशः द्वितीय र तृतीय भएका थिए। महिलातर्फ पर्सागढी, वीरगंज र ठोरी क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए।


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाईं हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन/तीन महीनामा रक्तदान गर्न मिल्छ,
- १८ देखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवनदान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं
- आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

# खेलकूदको संसार

## बुढासुब्बा गोल्डकप : पुलिसलाई हराउँदै मोरङ सेमिफाइनलमा

धरान, २८ फागुन/रासस

मोरङ फूटबल एशोसिएशन नेपाल पुलिस क्लबलाई हराउँदै सुनसरीको धरानमा जारी २४औं बुढासुब्बा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। सोमवार भएको खेलमा मोरङ फूटबल एशोसिएशनले विभागीय टोली पुलिस क्लबलाई ३–० गोलअन्तरले पराजित गरेको हो।




धरान रङ्गशालामा भएको तेस्रो क्वाटरफाइनल खेलमा मोरङले पाँचपटकको विजेता पुलिस क्लबमाथि सहज जीत निकालेको हो। मोरङ फूटबल एशोसिएशनका लागि महेन्द्र कार्की, उमेश कार्की र सुशील राईले एक/एक गोल गरे। महेन्द्रले खेलको ७०औं मिनेटमा पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसपछि ८०औं मिनेटमा पुलिसका सञ्जीव लामाले मोरङका मौसम लिम्बूलाई 'डी एरिया'मा लडाएपछि मोरङले पेनाल्टी प्रहार गर्ने अवसर पायो। उक्त पेनाल्टीमा उमेशले गोल गर्दै आफ्नो टोलीलाई २–० को अवस्थामा पुर्‍याए। खेलको इन्जुरी समयमा मोरङका सुशीलले तेस्रो गोल गरे।

जीतसँगै मोरङले आयोजक धरान फूटबल क्लबसँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ। आजको खेलमा 'म्यान अफ दी म्याच' मोरङका उमेश कार्की घोषित भए। उनले रु १० हजार पुरस्कार प्राप्त गरे। मङ्गलवार अन्तिम क्वाटरफाइनल खेल चर्च ब्वाइज युनाइटेड काठमाडौं र काँकरभिट्टा फूटबल ट्रेनिङ सेन्टर झापाबीच हुने आयोजक धरान फूटबल क्लबका अध्यक्ष प्रताप तामाङले जानकारी दिए।

## पहिलोपटक अन्तरनगर महिला कबड्डी, १७ नगरपालिकाबीच प्रतिस्पर्धा

भक्तपुर, २८ फागुन/रासस

भक्तपुर नगरपालिकाले नेपालमैं पहिलोपटक आयोजना गर्न लागेको अन्तरनगर महिला कबड्डी प्रतियोगितामा सातवटै प्रदेशबाट १७ वटा नगरपालिकाले प्रतिस्पर्धा गर्ने भएका छन्।

नगरपालिकाले सोमवार आयोजना गरेको पत्रकार सम्मेलनमा नगरप्रमुख सुनील प्रजापतिले यही फागुन २९, ३०, चैत १, २ र ३ गतेसम्म भक्तपुरको शहीद स्मृति खेलमैदानमा आयोजना गर्ने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बताए।

प्रतियोगिता सम्पन्न गर्न नगरप्रमुख प्रजापतिको संयोजकत्वमा १५१ सदस्यीय मूल समिति र ११ वटा उपसमिति गठन गरी तयारी गरेको प्रतियोगिताको नेपाल मजदूर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छे (रोहित)ले उद्घाटन गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ।

अखिल नेपाल कबड्डी सङ्घबाट मान्यताप्राप्त कबड्डी प्रतियोगितामा देशका विभिन्न १७ वटा नगरपालिकाबाट भाग लिन नाम दर्ता गराइसकेको बताउँदै नगरप्रमुख प्रजापतिले भने, "नेपालमैं पहिलोपटक अन्तरनगर महिला कबड्डी प्रतियोगिताको आयोजना गर्ने भएका छौं, प्रतियोगितामा प्रथम हुने टीमलाई रु एक लाख ५० हजार, दोस्रोलाई रु एक लाख, तेस्रो र चौथोलाई रु ५०/५० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ। साथै सहभागी खेलाडी र अफिसियललाई खाने र बस्ने व्यवस्था पनि गरेका छौं।"

पत्रकार सम्मेलनमा नगरप्रमुख प्रजापतिले निर्वाचनमा जनताबीच गरेको प्रतिबद्धता अनुसार भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष अन्तरनगर खेलकूद प्रतियोगिता आयोजना गर्दै आएको बताउँदै नगरपालिकाले पहिलो वर्ष भलिबल, दोस्रो वर्ष कराँते, तेस्रो वर्ष एथलेटिक्स, चौथो वर्ष बुद्धिचाल, गत वर्ष खोखो खेलको प्रतियोगिता सफलताका साथ सम्पन्न गरेको र यस वर्ष महिला कबड्डी प्रतियोगिता पनि भव्यरूपमा सम्पन्न गर्ने बताए। प्रतियोगिताका लागि नगरपालिकाले रु ३५ लाख बजेट विनियोजन गरेको उनले सुनाए।

पत्रकार सम्मेलनमा नगरपालिका युवा तथा खेलकूद समितिका संयोजक एवं भक्तपुर नपा वडा नं १ का अध्यक्ष श्यामकृष्ण खत्रीले प्रेस विज्ञप्ति वाचन गर्दै प्रतियोगिता शुरू हुनुअगाडि बिहान १० बजे दत्तात्रय प्राङ्गणबाट र्‍याली शुरू भई तचपाल, इनाचो, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै नगरको मुख्य बजार परिक्रमा गरी शहीद स्मृति खेलमैदानमा पुगेर उद्घाटन सत्रमा परिणत हुने बताए।

## कोशी प्रदेश ट्रफी क्रिकेट : सुदूरपश्चिम र एपिएफ क्लब विजयी

विराटनगर, २८ फागुन/रासस

मोरङ क्रिकेट सङ्घको आयोजनामा विराटनगरमा जारी कोशी प्रदेश ट्रफी पेप्सी राष्ट्रिय टी–२० क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र एपिएफ क्लब विजयी भएका छन्।

विराटनगरको बैजनाथपुर क्रिकेट रङ्गशालामा सोमवार भएको पहिलो खेलमा सुदूरपश्चिम प्रदेशले बाग्मती प्रदेशलाई दुई विकेटले पराजित गरेको हो। टस जितेर पहिला ब्याटिङ गरेको बाग्मतीले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर ११७ रन बनायो। बाग्मतीका लागि शुभ कंसाकारले ३४ बलमा तीन छक्का र चार चौकाको मदतमा ४१ तथा रविन जोशीले ३१ रनको योगदान दिए। बलिङतर्फ सुदूरपश्चिमका नारायण जोशीले तीन तथा नरेन साउदले दुई विकेट लिए।

११८ रनको लक्ष्य पाएको सुदूरपश्चिमले १९ दशमलव दुई ओभरमा आठ विकेट गुमाएर पूरा गर्‍यो। सुदूरपश्चिमका लागि नरेन भट्टले ३०, दीपक बोहोराले २२, किरण ठगुन्नाले २१ तथा नारायण जोशीले १६ रनको योगदान दिए। बलिङतर्फ बाग्मतीका गौतम केसीले तीन तथा विपिन आचार्य र इशान पाण्डेले दुई/दुई विकेट लिए।

जीतसँगै सुदूरपश्चिम समूह 'बी'मा चार खेलमध्ये तीनमा जीत र एकमा पराजित हुँदै छ अङ्कका साथ अङ्कतालिकाको दोस्रो स्थानमा उक्लेको छ। बाग्मती भने दुवै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ। बाग्मतीले बाँकी दुई खेल जिते पनि समूह चरणबाटै बाहिरिनेछ। सुदूरपश्चिम सेमिफाइनलनजीक पुगेको छ।

आज भएको दोस्रो खेलमा एपिएफ क्लबले घरेलु टोली कोशी प्रदेशलाई चार विकेटले पराजित गर्‍यो। पराजित भएसँगै कोशी प्रतियोगिताबाट बाहिरिएको छ। टस जितेर पहिला ब्याटिङ गरेको कोशीले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर ११७ रन बनायो। कोशीका लागि सोनु अन्सारीले ४३, अङ्कित सुवेदीले ३२ र श्रवण यादवले १९ रन बनाए। बलिङतर्फ एपिएफ क्लबका भुवन कार्की, यज्ञमान कुमाल, अमर रौटेला र इर्शाद अहमदले दुई/दुई विकेट लिए।

११८ रनको लक्ष्य एपिएफ क्लबले १८ दशमलव पाँच ओभरमा छ विकेट गुमाएर पूरा गर्‍यो। एपिएफका लागि पुरन विकले ३६, प्रनीत थापामगरले २० र अरुण ऐरीले १५ रनको योगदान दिए। बलिङतर्फ मधेसका फिर्दोश अन्सारीले तीन र दीपेश कँडेलले एक विकेट लिए। समूह 'ए'मा तीन खेलमा एकमा जीत र दुईमा पराजित कोशी दुई अङ्कका साथ तेस्रो स्थानमा छ। कोशीले अब लिगको अन्तिम खेल मङ्गलवार आर्मीसँग खेल्नेछ। दुई खेलमध्ये एकमा जीत र एकमा पराजित भएको एपिएफ क्लब दुई अङ्कका साथ चौथो स्थानमा छ।

मङ्गलवार पहिलो खेल कोशी प्रदेश र आर्मी क्लबबीच तथा दोस्रो खेल बाग्मती प्रदेश र गण्डकी प्रदेशबीच हुने मोरङ क्रिकेट सङ्घका अध्यक्ष महम्मद साद बाबु कुरैशीले जानकारी दिए।